नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

Madheshdristi National Daily

www.emadheshdristi.com

मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:

9808835198

9802592799

9803474311

9854028218

## बढ्यो इन्धनको मूल्य

**मधेशदृष्टि**
**वीरगंज ।**
नेपाल आयल निगमले पेट्रोलियम पदार्थको मूल्य बढाएको छ ।
निगमले इन्डियन आयल कर्पोरेसन भारतबाट शनिबार प्राप्त नयाँ मूल्य अनुसार पेट्रोलमा २ रुपैयाँ र डिजेल र मट्टीतेलमा १ रुपैयाँले बढाएको हो । हवाई इन्धन भने ३ रुपैयाँले घटेर आएको निगमले जनाएको छ ।
निगमले शनिबार राति १२ बजेदेखि लागू हुने गरी पेट्रोलिय पदार्थको नयाँ खुद्रा बिक्री मूल्य लागु हुने जनाएको छ ।

● वर्ष ३ ● अंक १९८ ● २०८२ साल जेष्ठ १८ गते आइतबार ● Sunday 01, June 2025 ● सूर्योदय: बिहान ५:११ बजे ● सूर्यास्त: साँझ ६:५५ बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-

# ‘गृहमन्त्री ढाकछोप’ले कांग्रेसको ‘गृह’मै देउवाविरुद्ध कोलाहल





**मधेशदृष्टि**
**वीरगंज ।**
गृहमन्त्री रमेश लेखकले दैनिक ५० लाख रुपैयाँ लिने गरी ‘भिजिट भिसा प्रकरण’को कर्मचारी खटनपटन गरेको विषयमा निजको पार्टी नेपाली कांग्रेस र निजको सरकारका मुखिया प्रधानमन्त्री केपी शर्मा ओलीले शनिबारसम्म पिताम्बरले छोपे पनि सदनमा यो विषय पेचिलो बनिरहेका छ । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले गृहमन्त्री लेखकको राजीनामालाई बटमलाइन बनाएको छ । बाहिर सडकमा आन्दोलनरत राजावादी समूह पनि सरकार र भ्रष्टाचारविरुद्ध पेचिलोसँग प्रस्तुत भइरहेको छ । नेकपा एमालेभित्र पनि लेखकको आचरणबारे दुई चिरा तर्क बाहिर आइरहँदा कांग्रेसमा पनि यसले असन्तुष्टिको राग सतहमै ल्याएको छ ।
केपी ओली प्रधानमन्त्री बनेदेखि नै गृहमन्त्रीमा चर्चा हुँदै मन्त्री हुने पालो कुरिरहेका महामन्त्री गगन थापाले पनि शनिबार पहिलोपटक सरकारको ढाकछोपका खातिर पार्टी सभापतिविरुद्ध फायर खोलेपछि अब सरकारमा एमाले र केपी ओलीको विरोधका बाबजुद कांग्रेसको पनि आन्तरिक असन्तुष्टि छताछुल्ल हुने देखिएको छ । गृहमन्त्री लेखकले विवादमा राजीनामा दिएर मार्गप्रशस्त गर्नु उत्तम हुने कांग्रेस नेता शेखर कोइरालाको सार्वजनिक तर्कविरुद्ध कांग्रेसले गृहमन्त्री लेखकले कुनै अक्षम्य अपराध नगरेको भन्दै आममाफी मात्र होइन, पिताम्बरले ढाकेर ‘चोखो’ र ‘पवित्र’ घडाका रुपमा स्थापित गर्ने भनेपछि शेखर कोइराला र गगन थापाबीच १५ महिनापछि भेट मात्र भएन, शनिबार नै कांग्रेस महामन्त्री गगन थापाको स्वर बदलियो ।
उनले भने, ‘८–९ पछि पार्टी सभापति प्रधानमन्त्री हुने कुरा छ तर पार्टीभित्र उहाँ भन्दा कैयौँ मान्छे प्रधानमन्त्री हुन योग्य छन्, क्षमता राख्छन् ।’ लामो समयपछि महामन्त्रीको मौनता तोडिनु र पहिलो फायर नै पार्टी सभापतिप्रति भएपछि पक्कै कांग्रेसमा सभापतिमाथि चुनौती हुने देखिएको छ । एकातिर कुनै पनि बेला वामपार्टीहरु मिलेर कांग्रेस एक्लै पर्ने भयले सभापति देउवाको प्रधानमन्त्री उधारो नै रहने संशय कायमै छ । अर्कातिर सबै एक ठाउँ आएर एमालेलाई एक्लै पारेर भए पनि सत्ताको चाबी अरु केही वर्ष आफैँसँग राख्ने कांग्रेसको मक्सदमा अहिलेसम्म एमालेले दिएको साथले सायद कांग्रेसको जग कमजोर भएको छ र महामन्त्रीले नै सभापतिविरुद्ध फायर खोलेर असन्तुष्टिको बादल मडारिने पक्का छ ।
गृहमन्त्री रमेश लेखक संरक्षण प्रकरण, भ्रष्टाचारको छानबिन प्रक्रियामा मञ्जु खाँडलाई संयोजनको जिम्मेवारी, कांग्रेस नेता आफताब आलमलाई अदालतबाट सफाइलगायतका घटनाले कांग्रेसमा भूकम्प नै आएको छ । अहिलेसम्म सरकारमा कांग्रेसको सहभागिता भए पनि प्रहार र बदनाम एमालेको मात्रै भइरहँदा एकाएक अहिलेसम्को सबै क्षतिपूर्ति कांग्रेसले यही साता पाएपछि अब कांग्रेस जोगाउन नेताहरु कस्सिएको र पार्टी सभापतिविरुद्ध खबरदारीमा उत्रिएको अनुमान छ ।
यता, राष्ट्रिय स्वतन्त्र पार्टीका कार्यबाहक प्रवक्ता एवं संघीय सांसद मनीष झाले गृहमन्त्री रमेश लेखकको भिजिट भिसा प्रकरणमा यथेष्ट संलग्नता देखिएको भन्दै उनको राजीनामा बटमलाइन भएको बताएपछि संसदमा पनि सत्तारुढ भएर पनि कांग्रेस आक्रामक भन्दा रक्षात्मक पंक्तिमा छ । विगतमा गगन थापासहितको नेतृत्वमै तत्कालीन गृहमन्त्री रवि लामिछानेमाथि गरिएको हुर्मतको भुक्तानी अहिले रास्वपाले रमेश लेखकलाई फिर्ता गरिरहेका छन् । एमालेले काँधमा राखेर जुरुक्क बोके पनि कांग्रेसमै लेखक कति दिन बोक्ने भन्ने मुद्दा पेचिलो बनिरहेको छ । सडकमा राजावादी, सदनमा रास्वपाको प्रहार खेपिरहेको कांग्रेसलाई एकसाथ आइलागेको कटाक्षको त्रिवेणी मञ्जु खाँड छानबिन समितिमा, गृहमन्त्री लेखक निर्दोष र आलम अदालतबाटै निर्दोषले कांग्रेसीजनमै सत्ताको दुरुपयोगले कांग्रेसलाई नै ठूलो क्षति भएको निष्कर्षमा कांग्रेस पुगेको हुनुपर्छ ।
रुपन्देही–३ मा हुने उपनिर्वाचनमा पनि भुटानी शरणार्थी प्रकरणको नागरिक बेचबिखनमा जोडिएका बालकृष्ण खाँडको रुचिपछि पनि कांग्रेसका एक तहको असन्तुष्टि ह्वात्तै बढेको देखिन्छ । यसैले हुनसक्छ, शनिबार पार्टी महामन्त्री, जो पार्टी सभापतिको पनि मित्रशक्ति बनेर अब बन्ने सरकारमा महत्वपूर्ण मन्त्रालयको जिम्मेवारी पाउने भनेर ‘वेटिङ लिडर’ले एकाएक किन सभापतिविरुद्द प्रहार गरे ? १५ महिनापछि कांग्रेस महाधिवेशनमा सभापति र महामन्त्रीको उम्मेदवार भएका शेखर कोइराला र गगन थापाको भेटले पक्कै कांग्रेस सभापति देउवालाई एमालेले जति बोके पनि कांग्रेसको घरमै भने अब कोलाहलको मूलपात्र बनाउने पक्का छ । यो कोलाहलबाट देउवाले आफूलाई पार लगाउन केही थान मुख्यमन्त्री, मन्त्री र उस्तै परे प्रधानमन्त्री पनि शेखर कोइराला र गगन थापाको रुचिअनुसार सकेनन् भने अब कांग्रेसलाई एमालेसँगको गठबन्धन पनि भारी परेको बुझ्न कठिन हुने छैन ।

## प्रधानमन्त्रीले मधेशका ६४ सडक योजना एकैपटक शिलान्यास गर्दै



**दिपक कर्ण**
**जनकपुरधाम ।**
मधेश प्रदेशको पूर्वाधार विकासमा ऐतिहासिक मोड ल्याउने उद्देश्यका साथ प्रधानमन्त्री केपी शर्मा ओलीले आइतबार जनकपुरधामस्थित महेन्द्र नारायण निधि मिथिला सांस्कृतिक केन्द्रबाट ६४ कालोपत्रे सडक योजनाको एकैपटक डिजिटल शिलान्यास गर्ने भएका छन् । मधेश प्रदेश सरकारको भौतिक पूर्वाधार विकास मन्त्रालयले शनिबार पत्रकार सम्मेलनमार्फत यसबारे जानकारी दिँदै ८ वटा जिल्लाका ६४ वटा प्रादेशिक निर्वाचन क्षेत्रमा ५–५ किलोमिटरका दरले गरी ३ सय २० किलोमिटर लम्बाइका सडक निर्माण योजना सार्वजनिक गर्यो । यसका लागि १२ अर्ब ७० करोड रुपैयाँ लगानी हुनेछ ।
मधेश प्रदेशका भौतिक पूर्वाधार विकास मन्त्री सरोज कुमार यादवका अनुसार प्रधानमन्त्री ओलीले शिलान्यास गर्न लागेका सडक तीन वर्षको अवधिमा निर्माण सम्पन्न गरिनेछ । मन्त्री यादवले भने, ‘स्रोत सुनिश्चित भइसकेको छ । पूर्वाधार कार्यालयमार्फत ठेक्का प्रक्रिया सम्पन्न भएकाले अब सडक निर्माणको कार्य ठोस रूपमा अगाडि बढ्नेछ ।’ भौतिक पूर्वाधार मन्त्रालयका निमित्त सचिव सञ्जय कुमार साहका अनुसार यसअघि पहिलो चरणमा अगाडि बढाइएका ३ सय २० किलोमिटर सडक योजनामध्ये २ सय किलोमिटरभन्दा बढी सडक निर्माण सम्पन्न भइसकेको छ । बाँकी भागमा निर्माण प्रक्रिया तीव्र रूपमा अगाडि बढाइने जानकारी दिइएको छ ।
मन्त्रालयका अनुसार ग्रामीण भेगका सडकमा स्थानीय भौगोलिक अवस्था अनुसार फरक प्रविधि अपनाइनेछ भने अन्य क्षेत्रमा स्फाल्ट प्रविधिबाट कालोपत्रे गरिनेछ । निर्माण हुने सडकको चौडाइ साढे ५ देखि ७ मिटर हुनेछ । सडकसँगै प्रदेशका ६४ वटै निर्वाचन क्षेत्रमा एक–एकवटा पक्की पुल निर्माणका लागि समेत प्रक्रिया शुरु भइसकेको मन्त्रालयले जनाएको छ । साथै, जलवायु परिवर्तनको प्रभावलाई न्यून गर्दै पूर्वाधार निर्माणमा वातावरणमैत्री प्रविधि र उपायको प्रयोग गरिने बताइएको छ ।
यो योजनाले मधेश प्रदेशमा सडक पहुँच अभावमा रहेका गाउँलाई यातायात सञ्जालमा जोड्ने, व्यापार–व्यवसाय प्रवर्द्धन गर्ने र स्थानीय उत्पादनलाई बजारसम्म पुर्याउन मार्ग खोल्ने मन्त्री यादवले बताए । साथै, नागरिकको जीवनस्तर सुधारमा पनि उल्लेखनीय योगदान पुग्ने उनको विश्वास छ । प्रधानमन्त्री ओलीद्वारा डिजिटल प्रविधिबाट हुने यो शिलान्यास कार्यक्रम मधेश प्रदेशको इतिहासमा एकै पटक गरिने सबैभन्दा ठूलो पूर्वाधार सार्वजनिक कार्यक्रम मानिएको छ ।

## जनतालाई राजा बनाऔँः प्रभु साह



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
देशको राजनीतिक, सामाजिक र आर्थिक अवस्था गम्भीर संकटतर्फ उन्मुख भएको टिप्पणी गर्दै आम जनता पार्टी (आजपा) का अध्यक्ष तथा पूर्वमन्त्री प्रभु साहले वर्तमान ‘दलतन्त्रात्मक’ संरचनाको अन्त्य गरी ‘जनताकै राजा’ बन्ने वैकल्पिक व्यवस्था निर्माणको आह्वान गरेका छन् । शनिबार जनकपुरधाममा आयोजित ‘दलतन्त्रको भण्डाफोर गरौँ, गणतन्त्रको दिशामा अघि बढौँ’ विषयक अन्तरक्रियामा साहले वर्तमान सत्तारुढ गठबन्धनलाई ‘लुटेरा संरक्षक’ को संज्ञा दिँदै तीव्र आलोचना गरे ।
अध्यक्ष साहले भने, ‘हामीले एकजना राजा फालेर अनेकौँ राजा जन्मायौँ । अहिलेका यी दलका राजा जनता शोषण गर्ने दलाल समूहमा रूपान्तरण भएका छन् । जनताको मत माग्दा झुक्छन्, जितेपछि सिंहदरबारभित्र बन्द भएर ठेक्कापट्टाको व्यापार गर्छन् ।’ उनले तीन वैकल्पिक बाटाहरूको चर्चा गरे । एक, शाही राजा फर्काउने, दुई, दलका यिनै राजालाई सहेर बस्ने र तेस्रो, जनतालाई नै राजा बनाउने । ‘हामी तेस्रो बाटोमा छौँ । जनता नै राजा हुन् भन्ने व्यवस्थाको निम्ति हामी लडिरहेका छौँ,’ उनले भने । साहले हालै सार्वजनिक गरिएको संघीय बजेट जनविरोधी रहेको आरोप लगाउँदै प्रधानमन्त्री केपी शर्मा ओलीले राजीनामा दिनुपर्ने र एक अन्तरिम सरकार गठन हुनुपर्ने मागसमेत गरे ।
‘सरकार बजेटमार्फत जनताको ढाडमा घोचिएको काँडो हो,’ उनले भने, ‘अब ओलीको नेतृत्वमा राष्ट्र चल्न सक्दैन । शान्तिपूर्ण तरिकाले अन्तरिम सरकार बनेर संविधान, प्रणाली र व्यवस्थाको पुनरावलोकन हुनुपर्छ ।’ अध्यक्ष साहले भारतसँगको सीमा क्षेत्रमा नेपाली जनताको निजी सम्पत्तिमा दिनदहाडै लुटपाट भइरहेको र ‘नक्कली भिजिट भिसा’को नाममा मानव तस्करीको सञ्जाल संचालन भइरहेको आरोप लगाए । ‘सरकार मौन छ, किनभने तिनका आफ्नै नेता, मन्त्री र ठूला दलका कार्यकर्ताहरू यस्ता गिरोहको संरक्षक बनेका छन्,’ उनले आरोप लगाए ।
साहले सत्तामा बसेका नेताहरूलाई सचेत रहन आग्रह गर्दै चेतावनीसमेत दिए । ‘नारायणहिटी छोडियो, अब सिंहदरबार छोड्न बाध्य पार्ने अवस्था नआओस्,’ उनले भने, ‘जनतामा आक्रोश छ । हामी संगठित भएर आवाज उठाउनेछौँ ।’ उनले ठेकेदार–नेता गठबन्धनको संरचनाले मधेशका वन, नदी, बालुवा, गिट्टीजस्ता स्रोतहरू कब्जा गरेको र ती स्रोतहरूमा मधेशी जनताको कुनै पहुँच नरहेको गुनासो गरे । साहले आफू एमाले अध्यक्ष केपी ओलीसँग टक्कर लिएर पार्टी छाडेको र चुनावमा जनताको साथमा विजयी भएको उदाहरण दिँदै आफू सधैँ जनताको पक्षमा खटिने नेता भएको दाबी गरे । ‘गर्ने मान्छेलाई जनताले साथ दिन्छ । मैले त्यसको प्रमाण देखाएको छु,’ उनले भने ।
आजपा मधेश प्रदेश अध्यक्ष उमेश कुशवाहाको अध्यक्षतामा सम्पन्न कार्यक्रममा धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा लगायतका जिल्लाबाट आएका सैयौँ नेता, कार्यकर्ताको उपस्थिति थियो । कार्यक्रममा आजपाका युवा संगठन, महिला संगठन, विभिन्न जिल्लाका संयोजक र कार्यकर्ताको व्यापक सहभागिता थियो ।

## वीरगंज नाका हुँदै चारपाङ्ग्रे सवारीसाधनको आयात घट्यो

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज भन्सार नाका हुँदै चालु आर्थिक वर्षको १० महिनामा चार पाङ्गे सवारीसाधनको आयात ह्वातै घटेको छ । चालु आवको वैशाखसम्म यो नाका हुँदै एक अर्ब ५३ करोड मूल्य पर्ने सात सय ३५ वटा इन्धनबाट चल्ने जीप, कार र भ्यान आयात भएका छन् ।
जबकी आव २०८०–८१ को वैशाख मसान्तसम्मको अवधिमा भने दुई अर्ब सात करोड मूल्य पर्ने एक हजार २६७ वटा जीप, कार र भ्यान सवारीसाधन आयात भएर भित्रिएका थिए । वीरगंज भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासक दीपक लामिछानेले पछिल्लो समय वीरगंजभन्दा मुलुकका अन्य नाकाबाट धेरै सवारीसाधन आयात हुने बताए । इन्धनबाट चल्ने चार पाङ्ग्रे सवारी साधनको आयात घटेसँगै कार्यालयले प्राप्त गर्ने राजस्वको रकममा पनि गिरावट देखिएको छ । चालु आवको १० महिनामा इन्धनबाट चल्ने चार पाङ्ग्रे सवारीसाधनबाट चार अर्ब तीन करोड राजस्व सङ्कलन भएको छ । तर, गत आवको सोही अवधिमा भने चार अर्ब ३९ करोड राजस्व सङ्कलन भएको थियो ।

## यादव मलेसिया प्रस्थान

**काठमाडौँ ।**
जनता समाजवादी पार्टी (जसपा) नेपालका अध्यक्ष उपेन्द्र यादव मलेसिया प्रस्थान गरेका छन् । मलेसियाको राजधानी क्वालालम्पुरमा आइतबार हुने नेपाली श्रमिकसँगको अन्तरक्रियामा प्रमुख वक्ताका रुपमा सहभागी हुन यादव त्यसतर्फ प्रस्थान गरेका हुन् ।
अध्यक्ष यादव जसपा नेपालको प्रवास सङ्गठन ‘नेपाली समाज मलेसिया’ पुनर्गठन कार्यक्रममा पनि सहभागी हुनेछन् । अध्यक्ष यादव नेतृत्वको टोली जेठ २० गते स्वदेश फर्कनेछ ।

# कोहिनूर बचत तथा ऋण सहकारी संस्था लि.

बिरगंज,पर्सा

☎०५१-५९१५३४, इमेल: kohinoorsahakari@gmail.com

## डांक बढाबढ द्वारा लिलामी बिक्रीको सुचना

प्रकाशित मिति :- २०८२/०२/१८

तपशिलमा उल्लेखित सदस्यहरुले निम्न लिखित चल/अचल सम्पति धितो सुरक्षणमा राखी यस संस्थाबाट देहाय बमोजिम कर्जा लिएकोमा म्याद भित्र कर्जा चुक्ता नगरी लिखित तरताकेता गर्दा पनि हाल सम्म कर्जा चुक्ता नगरेकाले अन्तिम पटक यो सुचना प्रकाशित गरिएको छ । तसर्थ यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ दिन भित्रमा साँवा रकम र सो चुक्ता गर्नु भन्दा अघिल्लो दिन सम्मको सम्पूर्ण ब्याज समेत चुक्ता गर्न आउनु हुन सम्बन्धित ऋणीलाई र व्यक्तिगत वा धितो जमानी दिनु हुने व्यक्तिहरुलाई समेत आह्वान गरिन्छ । उल्लेखित ३५ दिन भित्र कर्जा चुक्ता नभएमा ३६ औ दिन धितो सुरक्षणमा रहेको चल/अचल सम्पति जे जस्तो अवस्थामा छ सोही अवस्थामा निम्न मितिमा सार्वजनिक डांक बढाबढद्वारा लिलाम बिक्रि गरिने हुँदा लिलाममा डांक बढाबढ गरिलिन इच्छुक महानुभावहरु लगायत सम्बन्धित सबैको जानकारीका लागि यो सुचना प्रकाशित गरिएको छ । साथै उपरोक्तानुसार डांक बढाबढ द्वारा लिलाम बिक्रि हुन नसकेमा धितो सुरक्षणमा रहेको चल/अचल सम्पति संस्थालाई उपयुक्त लागेमा संस्था आफैले सकार गरिलिन सक्ने व्यहोरा समेत जानकारी गराईन्छ ।

**तपसिल**

| सि.नं. | ऋणीको नाम, ठेगाना | कर्जाको सुरक्षण बिवरण |
|---|---|---|
| १. | ऋणी : राधीका देवी<br>पति : अगेन्द्र प्रसाद यादव<br>बुबा : कंचन रामयादव<br>ससुरा : जमदार राउत अहिर<br>कर्जा शिर्षक : व्यपार कर्जा | श्री जमदार राउत अहिर को बुहारी अगेन्द्र प्रसाद यादव को श्रीमती राधीका देवी पर्सा जिल्ला प्रसौनी बिर्ता वडा नं. ७ बस्ने ना.प्रा.न ४०२१ मिति २०४६/०३/१३ पर्सा बर्ष ६५ को राधीका देवी को नाममा एकलौटी दर्ता कायम भएको पर्सा जिल्ला प्रसौनी बिर्ता वडा नं. ८ स्थितको किता नं. १२३ को जग्गाको क्षेत्रफल ०.०००३०० को घरजग्गा तथा अन्य लिगलागपातहरु र भविष्यमा उक्त घरजगामा कुनै थप निर्माण कार्यहरु भए सो समेत सम्पूर्ण निर्माण तथा लिगलागपातहरु समेत । |
| २. | ऋणी : उर्मिला देवी तुरहिन<br>पति : हिरा सा तुरहा<br>बुवा : छठु सा तुरहा<br>ससुरा : चोकट साह तुरहा<br>कर्जा शिर्षक : व्यपार कर्जा | श्री चोकट साह तुरहा को बुहारी हिरा सा तुरहा को श्रीमती उर्मिला देवी तुरहिन पर्सा जिल्ला भेडीहारी वडा न.८ बस्ने ना.प्रा.न ३४३०१६/२१३ मिति २०६४/०१/१० पर्सा वर्ष ४६ को उर्मिला देवी तुरहिन को नाममा एकलौटी दर्ता कायम भएको पर्सा जिल्ला बहुअरी पिडरी वडानं.८ स्थितको किता नं. २१५,२१६ को जग्गाको क्षेत्रफल ०-०-९-२,०-०-०-१४ को घरजग्गा तथा अन्य लिगलागपातहरु र भविष्यमा उक्त घरजगामा कुनै थप निर्माण कार्यहरु भए सो समेत सम्पूर्ण निर्माण तथा लिगलागपातहरु समेत । |
| ३. | ऋणी : गेनावती देवी<br>पती : राजेश महरा चमार<br>बुवा : तपसी महरा चमार<br>ससुरा : चोकट महरा चमार<br>कर्जा शिर्षक : व्यपार कर्जा | श्री चोकट महरा चमार को बुहारी राजेश महरा चमार को श्रीमती गेनावती देवी पर्सा जिल्ला निचुटा वडा न. ३ बस्ने ना.प्रा.न ३४१०५६/३४३ मिति २०६८/०१/२८ पर्सा बर्ष ४६ को गेनावती देवी को नाममा एकलौटी दर्ता कायम भएको पर्सा जिल्ला बागेश्वरी तित्रौना वडा न ७ स्थितका किता नं. १३४,१३५ को जग्गाको क्षेत्रफल १०१.५८,१३५.४४ को घरजग्गा तथा अन्य लिगलागपातहरु र भविष्यमा उक्त घरजगामा कुनै थप निर्माण कार्यहरु भए सो समेत सम्पूर्ण निर्माण तथा लिगलागपातहरु समेत । |
| ४. | ऋणी : धर्मेन्द्र राम<br>पत्नी : प्रियंका देवी<br>बुवा : राजेश महरा चमार<br>बाजे : चोकट महरा चमार<br>कर्जा शिर्षक : व्यपार कर्जा | श्री चोकट महरा चमार को नाती राजेश महरा चमार को छोरा धर्मेन्द्र राम पर्सा जिल्ला बागेश्वरी तित्रौना वडा न. ७ बस्ने ना.प्रा.न ३४-०१-७०-१०९४४ मिति २०७०/०९/२८ पर्सा बर्ष २७ को धर्मेन्द्र राम को नाममा एकलौटी दर्ता कायम भएको पर्सा जिल्ला बागेश्वरी तित्रौना वडा न ७ स्थितको किता नं. ८० को जग्गाको क्षेत्रफल ००१०६.२५ को घरजग्गा तथा अन्य लिगलागपातहरु र भविष्यमा उक्त घरजगामा कुनै थप निर्माण कार्यहरु भए सो समेत सम्पूर्ण निर्माण तथा लिगलागपातहरु समेत । |
| ५. | ऋणी : आजाद हुसेन शेष<br>पत्नी : अफरीन शेष<br>बुवा : आता हुसेन शेष<br>बाजे : सहीद मिया<br>कर्जा शिर्षक : व्यपार कर्जा | श्री सहीद मिया को नाती आता हुसेन शेष को छोरा आजाद हुसेन शेष पर्सा जिल्ला बीरगंज वडा न. ७ बस्ने ना.प्रा.न ०३४१०२२/११०९१ मिति २०६७/०६/१३ पर्सा बर्ष ३७ को आजाद हुसेन शेष को नाममा एकलौटी दर्ता कायम भएको पर्सा जिल्ला बीरगंज वडा न ९ स्थितका किता नं. ६०३ को जग्गाको क्षेत्रफल ७५.४६ को घरजग्गा तथा अन्य लिगलागपातहरु र भविष्यमाउक्त घरजगामा कुनै थपनिर्माण कार्यहरु भए सो समेत सम्पूर्ण निर्माण तथा लिगलागपातहरु समेत । |
| ६. | ऋणी : फैयाज अहमद<br>पत्नी : रुबि बेगम<br>बुवा : फतेह मिया ठकुराइ<br>बाजे : सिदिक मिया ठकुराई<br>कर्जा शिर्षक : व्यपार कर्जा | श्री सिदिक मिया ठकुराई को नाती फतेह मिया ठकुराइ को छोरा फैयाज अहमद पर्सा जिल्ला सखुवा प्रसौनी वडा न. ९ बस्ने ना.प्रा.न ३४८११६२२३८ मिति २०५५/०२/१६ पर्सा बर्ष ४५ को फैयाज़ अहमद को नाममा एकलौटी दर्ता कायम भएको पर्सा जिल्ला सखुवा प्रसौनी वडा न ३ स्थितको किता नं. १२३ को जग्गाको क्षेत्रफल ६९८०.०० को घरजग्गा तथा अन्य लिगलागपातहरु र भविष्यमा उक्त घरजगामा कुनै थप निर्माण कार्यहरु भए सो समेत सम्पूर्ण निर्माण तथा लिगलागपातहरु समेत । |
| ७. | ऋणी : दिरपाल राउत कुर्मी<br>पत्नी : रन्जु देवी कुर्मी<br>बुवा : सिताराम राउत कुर्मी<br>बाजे : जगदेव राउत कुर्मी<br>कर्जा शिर्षक : व्यपार कर्जा | श्री जगदेव राउत कुर्मी को नाती सिताराम राउत कुर्मी को छोरा दिरपाल राउत कुर्मी पर्सा जिल्ला बागेश्वरी तित्रौना वडा न. ६ बस्ने ना.प्रा.न ०४४९२४६१ मिति २०६१/११/२३ पर्सा बर्ष ४० को दिरपाल राउत कुर्मी को नाममा एकलौटी दर्ता कायम भएको पर्सा जिल्ला बागेश्वरी तित्रौना वडा न ५ स्थितको किता नं.४३२ को जग्गाको क्षेत्रफल १६९.३१ को घरजग्गा तथा अन्य लिगलागपातहरु र भविष्यमा उक्त घरजगामा कुनै थप निर्माण कार्यहरु भए सो समेत सम्पूर्ण निर्माण तथा लिगलागपातहरु समेत । |
| ८. | ऋणी : नजरुदिन अंसारी<br>पत्नी : नैरुल नेशा<br>बुवा : अलाउदिन मिया अंसारी<br>बाजे : पिरमहमद अंसारी<br>कर्जा शिर्षक : व्यपार कर्जा | श्री पिरमहमद अंसारी को नाती अलाउदिन मिया अंसारी को छोरा नजरुदिन अंसारी पर्सा जिल्ला चोर्नी वडा न. ९ बस्ने ना.प्रा.न २१८१२७४२ मिति २०६१/१०/२९ पर्सा बर्ष ३६ को नजरुदिन अंसारी को नाममा एकलौटी दर्ता कायम भएको पर्सा जिल्ला बहुअरी बी वडा न ८ स्थितको किता नं.५९६ को जग्गाको क्षेत्रफल ०-०-६ को घरजग्गा तथा अन्य लिगलागपातहरु र भविष्यमा उक्त घरजगामा कुनै थप निर्माण कार्यहरु भए सो समेत सम्पूर्ण निर्माण तथा लिगलागपातहरु समेत । |

**लिलामी शर्तहरु :-**

१) लिलामीमा सबै भन्दा बढी बोलकवोल गर्ने व्यक्तिले आफुले बोलेको अंकको १० प्रतिशतले हुने रकम नगदै वा बैंक जमानत धरौटी वापत त्यसैदिन यस संस्थामा बुझाउनु पर्नेछ ।

२) डांक बढाबढ गर्दा सबैभन्दा बढीकबोल गर्ने व्यक्तिलाई सम्पति दिने वा नदिने सम्पूर्ण अधिकार यस संस्थामा सुरक्षित रहनेछ ।

३) लिलाम सकार गर्ने व्यक्तिले संस्थाबाट लिलाम सदर भएको सूचना पाएको १५ दिनभित्र बाँकी रकम बुझाई सम्पति बुझी नलिएमा धरौटी वापत रहेको १० प्रतिशत रकम स्वत जफत हुनेछ । लिलाम सदर बदरको निर्णय नभए सम्म धरौटी रकम फिर्ता माग गर्न र सोमा ब्याज दाबी गर्न पाइने छैन् ।

४) तपशिलमा उल्लेखित कर्जाहरुको लिलामी कार्य यो सूचना प्रकाशित भएको ३६ औ दिन अर्थात मिति २०८२/०३/२२ का दिन यस संस्थामा दिनको २:०० बजे देखि ३:०० बजे सम्म यस संस्था को कार्यालयमा हुनेछ । तोकिएको दिन लिलामी कार्य सम्पन्न हुन नसकेमा वा संस्था विदा परेमा सोको लगतै संस्था खुलेको दिन सोही समयमा लिलाम कार्य हुनेछ ।

५) लिलाम बिक्रि हुने सम्पति हेर्न चाहाने वा लिलाम बिक्रि हुने सम्पति वापत ऋणीले तिर्न बुझाउन बाँकी रहेको रकम बारे जानकारी लिन चाहने व्यक्तिले यस संस्थाको कार्यालय समय भित्रसम्पर्क राखी हेर्न वा जानकारी लिन सकिनेछ ।

६) डांक बढाबढको सुरुवात अचल सम्पतिको न्युनतम मूल्यबाट शुरु गरिने छ ।

७) डांक बढाबढको कार्य यस संस्थाको कार्यालयमा हुनेछ ।

**पुनश्च : धितो लेखिदिने तथा व्यक्तिगत जमानी दिनेहरुलाई सूचना**

उपरोक्त ब्यहोरा अवगतार्थ अनुरोध गर्दै म्याद भित्र व्यापारिक कर्जा भुक्तानी गराई आफ्नो सम्पतिको उचित संरक्षण गर्नु हुन पुन : अनुरोध गरिएको छ । अन्यथा तोकिएको दिन धितो लिलाम बढाबढ भई बिक्रिको कार्य हुने भएकोले उक्त दिन स्वयम उपस्थित भई लिलाम बाट कायम हुने धितो सम्पतिको मूल्य घटी वा बढी हुने प्रकृयामा समेत प्रत्यक्ष अवलोकनको लागि सुचित गरिन्छ । उल्लेखित धितो सम्पति लिलाम बिक्रि गरि वा संस्था आफैले सकार गर्दा समेत साविकमा संस्थाबाट भएको कम मुल्यांकन भन्दा कम मूल्यमा लिलाम बिक्रि भएमा वा संस्था आफैले सकार गरि लिएमा पछि हाम्रो सम्पतिको उचित मूल्य प्राप्त नभई कम मुल्यमा बिक्रि भयो वा संस्था सकार गरि लियो भनि कहि कतै उजुर वाजुर गर्न पाउनुहुने छैन । उक्त सम्पति लिलाम बिक्रिगर्दा पुर्न मुल्यांकन गरि संस्था आफैले सकार गर्दा समेत संस्था सम्पूर्ण लेना रकम असुल उपर नभई बाकी रहेमा ऋणी लगायत व्यक्तिगत जमानी दिनेहरुको अन्य श्री सम्पतिहरुबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गरिएको छ ।

# नयाँ पुस्ताले चासो नदिँदा भेडापालन सङ्कटमा



**बागलुङ ।**
निसीखोला गाउँपालिका–६ का ६७ वर्षीय भागविर घर्ती मगरले भेडापालनमा लागेको ५८ वर्ष भयो । नौ वर्षको उमेरदेखि भेडापालनमा लाग्नु भएका उनि अहिले पनि उस्तै तगडा छन । उनका भेडाका बथानमा २०० को हाराहारीमा पाठापाठी र माहुँ भेडा छन् । गत असोज दसैं मान्नका लागि बेसी झर्नु भएका किसान घर्ती लेक उक्लिने तरखर गर्दै छन ।

उनका लेकमा बस्ने धेरैजसो गोठाला साथी लेक उक्लिसके । जेठ दोस्रो सातादेखि किसानले पशुचौपाया बुकी उकाल्न थालेपछि अहिले तल्लो क्षेत्र सुनसान बनेका छन् । यति बेला बागलुङको रिग क्षेत्र, खोलाखानी, सोडेडाँडा, पातीहाल्नेलगायतका ठाउँमा गाईभैंसी, भेडाबाख्रा, भोटे कुकुरसँगै गोठाला किलादाम्ला र खर्चपर्च बोकी बुकी उक्लि रहेको भेटिन्छ । एकै परिवारले सयौँको सङ्ख्यामा पशुचौपाया पाल्ने हुँदा बाह्रै महिना एकै ठाउँमा बसेर घाँस र दाना पु¥याउन सक्दैनन् । यतिबेला लेक उक्लिएका गोठाला दसैँ मान्न असोज तिर मात्रै बेसी झर्छन् ।

अबको एक सातामा बुकी भेडाका बथानले भरिन्छन् भने बेसी क्षेत्र रित्तो हुन्छन् । अघिल्लो वर्ष असोजमा बेसी झरेका गोठाला सात महिनापछि लेक उक्लिन थालेका हुन् । लामो समय लेकमै बस्ने हुँदा भागविरले खाने खर्चको चाँजोपाँजो मिलाउँदै छन । अबको करिब पाँच महिना लेकमै बिताउने उनि बताछन । यति बेला बेसीमा घाँस सकिएको र लेकमा प्रसस्त पाइने उनको भनाइ छ । गोठालाहरु तीन हजारदेखि चार हजार ५०० मिटरको उचाइसम्म पुग्ने गर्छन् ।

यस वर्ष अलि छिटै वर्षा सुरु भएपछि लेकमा घाँस पलाउन थालेको घर्तीले बताए । बर्खा भरि बुकीमा पालेका भेडाबाख्रा दसैँ बेला बजारसम्म पु¥याएर राम्रो मूल्य पार्ने गर्दछन् । बागलुङको निसीखोला–६ मा पर्ने रिग, खानीखोलामा रोल्पा र रुकुमका गोठाला पनि हजारौँ भेडाबाख्रा लिएर आउने गर्छन् ।

हिउँदको समय बुकीमा हिउँ पर्ने र जाडो हुने हुँदा बेसी ओर्लने गर्छन् । पछिल्लो समय नयाँ पुस्ताले चासो नदिँदा भेडापालन किसान कम भएको उनको भनाइ छ ।

'लामो समय बेसीमै बसियो, अब लेक जाने बेला भयो, यसपाली मैले केही दिन ढिला गरेँ, अबको दुई÷चार दिनमा म पनि लेकमा पुगि सक्छु, गाउँमा बस्दा परिवारसँगै भइन्छ, रमाइलो हुन्छ, लेकमा त सबै हुँदैनन्,' उनले भने, 'अब गएपछि आउने उहीँ दसैँ बेला हो, त्यस बेलासम्म छोराछोरीसँग भेट्न हुन पाइँदैन, कहिलेकाहीँ अन्नपात लिएर लेक उक्लिए भने मात्रै भेट हुन्छ ।'

जिल्लो तमानखोला, बोबाङ, अधिकारीचौर लगायतका क्षेत्रका भेडीगोठाले पनि ढोरपाटन, जलजलालगायतको क्षेत्रमा वस्तुभाउ लिएर जाने गर्छन् । यी क्षेत्रबाट आधाभन्दा बढी गोठाला लेकमा पुगी सके भने केही बाटोमै भेटिन्छन् । कोही जाने सुरसार गर्दैछन् । ढोरपाटन–९ का थमबहादुर पुनले गत साता गाईभैँसीलाई लेक पु¥याउनु भएको छ । आफु पेटसम्बन्धि रोगी भएको हुँदा उपचारका लागि अहिले बेसी झार्नु भएको छ । पाँच दिनपछि लेक फर्किने गरी बेसी झरेको पुनले बताए ।

पहिले लेक जाँदा अन्नपात र वस्तुभाउका किलादाम्ला मान्छेलेनै बोकेर लैजाने गरेको भन्दै बुर्तिबाङ–ढोरपाटन सडकमा गाडी चल्ने हुँदा ढुवानी तिरर लैजाने गरेको सुनाए । बाउबाजेको पालादेखिनै लेकबेसी गरेर सयौँ वस्तुभाउ पाल्दै आएको पुनको भनाइ छ । आफूको पुस्ताले पशुपालन गरेरै जीविको चलाए पनि अबका नयाँ पुस्ताले यो पेसा नगर्ने उनि बताउछन ।

उनले भने, 'गाउँभरिका सबैले पशु पाल्ने हुँदा एकै ठाउँमा राखेर दाना र घाँस पु¥याउन सकिदैन, त्यसले गर्दा बर्खामा लेक र हिउँदमा बेसी झर्ने चलन चलेको हो, एउटै परिवारले कम्तिमा २०/३० गाईभैंसी पालेको हुन्छ, कोहीले सयौँको सङ्ख्यामा भेडाबाख्रा पालेको हुन्छ, त्यति धेरै वस्तुभाउलाई कसरी घाँस पु¥याउने ?, त्यही भएर लेकबेसी गर्ने गरेका हौँ । रासस

# भूमिसम्बन्धी अन्तर्क्रिया सम्पन्न

**मधेशदृष्टि**
**वीरगंज ।**
राष्ट्रिय भूमि मञ्च परवानिपुरद्वारा आयोजना गरिएको भूमिसम्बन्धी अन्तक्रिरया कार्यक्रम शनिबार सम्पन्न भएको छ । कार्यक्रमका सहभागीहरूले भूमि अधिकारसँग सम्बन्धित समस्या र चुनौतीहरूबारे गहन छलफल गरेका थिए । कार्यक्रममा सहभागी स्थानीय सरोकारवाला र समुदायका प्रतिनिधिहरूले आ–आफ्नो धारणा राख्दै कतिपय स्थानीय तहहरूले भूमि समस्यालाई गम्भीरतापूर्वक लिएर समाधानको पहल थालेको जानकारी पनि साझा गरे । सहभागीहरूले विशेष गरी भूमिहीन दलित, जनजाति, सुकुम्बासी र सीमान्तकृत समुदायको पीडाबारे प्रकाश पार्दै सरकारसँग तत्कालीन सुधारात्मक कदम चाल्न आग्रह गरे ।

कार्यक्रममा विभिन्न स्थानीय निकायका प्रतिनिधि, नागरिक समाजका अगुवा, पत्रकार, महिला समूह र भूमिहीन समुदायका प्रतिनिधिहरूको उपस्थिति रहेको थियो । कार्यक्रम पर्सा जिल्ला भूमि आयोगका अध्यक्ष तबरेज अहमदको आतिथ्यता रहेको थियो ।

# धनौजी गाउँपालिकाको गाउँसभा सम्पन्न



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
निकै लामो विवाद पछि धनुषाको धनौजी गाउपालिकाको विशेष साधारण सभा शुक्रवार एक भव्य कार्यक्रमको बिचमा सम्पन्न भएको छ ।

गाउँसभा अधिवेशनको क्रममा अध्यक्ष राजकुमार साहले चालू आर्थिक वर्षका लागि गाउँपालिकाले कुल ३८ करोड ५० लाख रुपैयाँको बजेट प्रस्तुत गरेका थिए । उनले पालिकाको विकास र समृद्धिको लागि सबैको साथ र सहयोगको आवश्यकता रहेको बताउदै पालिकाको विकासमा हातोमालो गरेर अगाडि बढन आग्रह समेत गरे ।

जिल्ला समन्वय समितिका सभापति राजनन्दन यादवको प्रमुख आतिथ्य र गाउपालिकाका अध्यक्ष साहको अध्यक्षतामा गाउ सभा सम्पन्न भएको थियो । कार्यक्रममा वडा अध्यक्षहरू, कार्यपालिका सदस्यहरू, तथा वडा सदस्यहरूको उल्लेखनीय उपस्थिति रहेको थियो । कार्यक्रमको सुरुआतमा स्वागत मन्तव्य प्रमुख प्रशासकीय अधिकृत हरिशंकर यादवले राखेका थिए । सभामा गाउपालिकाकी उपाध्यक्ष रामवति मण्डल वाहेक बहुमत सदस्यको उपस्थिति रहेको थियो ।

# निजगढकी सजनालाई 'सोसियल वेलफेयर एक्टिभिस्ट' अवार्ड

**मधेशदृष्टि**
**बारा ।**
जापानको राजधानी टोकियोमा सम्पन्न 'नेपाल फेसन एण्ड इन्टरटेन्मेन्ट इन्टरनेशनल अवार्ड २०२५' मा निजगढ, बारा निवासी सौन्दर्य विशेषज्ञ तथा समाजसेवी सजना खतिवडा 'सोसियल वेलफेयर एक्टिभिस्ट अवार्ड' बाट सम्मानित भएकी छन् । नेपाल र जापानबीचको सांस्कृतिक तथा सिर्जनात्मक सम्बन्धलाई प्रवद्र्धन गर्ने उद्देश्यले आयोजित अवार्ड समारोह 'हिमालयन मुभिज प्रोडक्सन हाउस, काठमाडौंको आयोजनामा सम्पन्न भएको हो । कार्यक्रममा जापानस्थित 'एनआरएन जापान' का अध्यक्ष नविन न्यौपाने प्रमुख अतिथि रहेका थिए भने जापानका विभिन्न व्यवसायिक संघसंस्थाका अध्यक्ष तथा समाजसेवीहरुको उल्लेखनीय उपस्थिति रहेको थियो । सजना खतिवडा लामो समयदेखि सौन्दर्य व्यवसायसँगै समाजसेवामा पनि सक्रिय छन् । विपन्न, एकल महिला तथा ग्रामीण महिलाहरुलाई आत्मनिर्भर बनाउने अभियानमा उनी निरन्तर क्रियाशील रहिआएकी छन् । विभिन्न निःशुल्क सौन्दर्य तालिममार्फत उनी महिलालाई स्वरोजगारमुखी बनाउने कार्यमा योगदान दिँदै आएकी छन् । यसअघि उनी सन् २०२२ मा आयोजित 'मिस बिउटिसियन नेपाल' की विजेता समेत बनेकी थिइन् । साथै, सन् २०२३ मा इजिप्टको कायरोमा सम्पन्न अवार्ड समारोहमा 'चर्चित सौन्दर्य विशेषज्ञ अवार्ड' बाट समेत सम्मानित भएकी थिइन् । अवार्ड समारोहमा फेसन, सौन्दर्य, म्युजिक, चलचित्र, सञ्चार तथा समाजसेवाका क्षेत्रमा योगदान पु¥याउने करिब एक दर्जनभन्दा बढी नेपाल तथा जापानका व्यक्तित्वहरुलाई विभिन्न विधामा सम्मान गरिएको थियो । कार्यक्रम संयोजक एवम् प्रस्तोता कोमलनाथ खतिवडाका अनुसार यस संस्करणमा फेसन शो समेत विशेष आकर्षणको रूपमा प्रस्तुत गरिएको थियो । कार्यक्रममा नेपाली संस्कृति झल्काउने विविध सांगीतिक र रंगमञ्चीय प्रस्तुतिहरूले जापानी दर्शकलाई समेत मन्त्रमुग्ध बनाएको थियो । कार्यक्रमका मुख्य आयोजक हिमालयन मुभिज प्रोडक्सन हाउसकी सीईओ तथा चर्चित फेसन कोरियोग्राफर हिमानी सुब्बाका अनुसार यो अवार्ड समारोहले नेपाल र जापानबीचको सांस्कृतिक सम्बन्धलाई अझ प्रगाढ बनाउने प्रयास गरेको छ । उनले अवार्ड समारोहलाई अन्तर्राष्ट्रिय स्तरमा विस्तार गर्ने र प्रवासी नेपाली तथा जापानी समुदायबीचको सहकार्यलाई बलियो बनाउने लक्ष्य राखिएको बताइन् ।

# 'विश्व शान्तिका लागि प्रत्येक देशमा शान्ति हुनु जरुरी छ'

**काठमाडौँ ।**
उपप्रधानमन्त्री एवं सहरी विकासमन्त्री प्रकाशमान सिंहले विश्व शान्तिका लागि प्रत्येक देशमा शान्ति कायम हुनु जरुरी रहेको बताएका छन ।

ब्रह्मकुमारी राजयोग सेवा केन्द्रले शनिवार आयोजना गरेको 'विश्व एकता र विश्वासका लागि ध्यान–योग' छाता कार्यक्रमको राष्ट्रिय शुभारम्भ समारोहमा उनले कुनै पनि देशमा शान्ति कायम हुनुअघि त्यस देशका प्रत्येक नागरिकमा शान्तिको अनुभूति हुनुपर्नेमा जोड दिए ।

व्यक्ति, व्यक्तिमा शान्ति कायम गराउन केन्द्रले चलाएको ध्यान–योग छाता कार्यक्रमले सकारात्मक र महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने उपप्रधानमन्त्री सिंहले विश्वास व्यक्त गरे । केन्द्रले यसअघि पनि देशका विभिन्न स्थानमा शान्ति स्थापनाका लागि गरिरहेको आध्यात्मिक गतिविधिको उनले प्रशंसा गरे । यो अभियानलाई धेरैभन्दा धेरै मानिसका बीचमा पु¥याउनुपर्नेमा उनले जोड दिए । केन्द्रका राजयोग प्रशिक्षक ब्रह्मकुमार रामसिंह ऐरले विश्वमा एकता र विश्वासका लागि ध्यान–योग छाता कार्यक्रम आवश्यक रहेको बताउनुभयो । व्यक्तिले स्वयंमा शान्तिको अनुभव गरेपछि विश्व शान्तिका लागि टेवा पुग्ने उनको भनाइ छ । रासस

# कांग्रेस क्षेत्र नं. १ को संगठन सुदृढीकरण बैठक सम्पन्न
# २२ गते देउवाको आगमन सुनिश्चित

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
नेपाली कांग्रेस धनुषा क्षेत्र नं. १ को क्षेत्रीय विस्तारित बैठक धनुषाधाममा सम्पन्न भएको छ । पार्टीको सांगठनिक सुदृढीकरण, आगामी रणनीति र जनसम्पर्क अभियान सुदृढ बनाउने लक्ष्यसहित आयोजना गरिएको बैठकमा पार्टीका शीर्ष नेतादेखि वडा स्तरका कार्यकर्तासम्मको सहभागिता रहेको थियो । बैठकमा पार्टीको हालको स्थिति, संगठन विस्तार, सदस्यता अभियान, आगामी राजनीतिक कदम, स्थानीय तहमा पार्टीको भूमिकालगायत विषयमा छलफल भएको थियो । साथै, जिल्लाभर कांग्रेसको सशक्त उपस्थिति र एकताबद्ध संगठन निर्माणमा सबै तहका नेताहरूले प्रतिवद्धता जनाए । बैठकको विशेष घोषणा स्वरूप नेपाली कांग्रेसका सभापति तथा पूर्वप्रधानमन्त्री शेरबहादुर देउवा यही जेठ २२ गते धनुषा जिल्लाको धार्मिक तथा ऐतिहासिक नगरी धनुषाधाममा आगमन गर्न लागेको जानकारी गराइयो । उनको आगमनलाई सफल बनाउने उद्देश्यले पार्टीका सम्पूर्ण तहका नेता–कार्यकर्ताहरूलाई सक्रिय र एकजुट हुन आग्रह गरिएको छ । बैठकमा बोल्दै




पार्टीका केन्द्रीय सदस्य तथा राष्ट्रिय सभा सदस्य आनन्द प्रसाद ढुंगानाले पार्टीको एकता र अनुशासनमा जोड दिँदै भने, 'कांग्रेसको भावी दिशा निर्धारण गर्ने जिम्मा यही जस्ता छलफल र संगठन सुदृढीकरण कार्यक्रमहरूले लिन्छ । देउवा जीको आगमन हाम्रो लागि अवसर हो । जनताको मुद्धा उठाउने मोर्चा सुदृढ बनाउने घडी पनि हो ।' कार्यक्रममा सहभागी विभिन्न नेताहरूले कांग्रेसको संगठन पुनःजागरण आवश्यक भएको उल्लेख गर्दै सबै तहका कार्यकर्ताबीच समन्वय, पारदर्शिता र स्थानीय स्तरमा सक्रियता बढाउनुपर्नेमा जोड दिएका थिए । वडा अध्यक्ष, नगर प्रमुख, महिला नेतृ तथा युवा नेताहरूले आ–आफ्नो धारणा राख्दै पार्टीको वर्तमान अवस्थाबारे चिन्ता र भविष्यका लागि योजना प्रस्तुत गरे । बैठकको निष्कर्षस्वरूप नेपाली कांग्रेस धनुषा क्षेत्र नं. १ को क्षेत्रीय कार्यसमितिले २२ गते हुने अध्यक्ष देउवाको आगमनको स्वागत र भव्य कार्यक्रमको आयोजना सफल बनाउन जिल्लाभरका सबै नेता, कार्यकर्ता, भातृ सङ्गठन, महिला संघ, किसान संघ, थारु संघ, आदिवासी जनजाति महासंघ लगायत सबैलाई सक्रिय सहभागिता जनाउन अनुरोध गरेको छ । विस्तारित बैठकको अध्यक्षता नेपाली कांग्रेस क्षेत्र नं. १ का कार्यवाहक सभापति जगत सुन्दर साहले गरेका थिए भने कार्यक्रमका प्रमुख अतिथि पार्टीका केन्द्रीय सदस्य तथा राष्ट्रिय सभा सदस्य आनन्द प्रसाद ढुंगाना थिए । बैठकमा प्रदेशसभा सदस्य संजय महतो, धनुषाधाम नगरपालिकाका नगर प्रमुख बालेश्वर मण्डल, गणेशमान चारनाथ नगरपालिकाका नगर प्रमुख जित नारायण यादव, हंसपुर नगरपालिकाका नगर प्रमुख प्रदीप यादव, उप–प्रमुखद्वय विद्या देवी भुजेल र तुलसा पाण्डे पटेल, साथै क्षेत्रका सम्पूर्ण नगर सभापति, वडा सभापति, निर्वाचित वडा अध्यक्षहरू, नेविसंघ, तरुण दलगायत भातृ सङ्गठनका प्रतिनिधिहरूको उपस्थिति थियो ।

# प्रधानाध्यापक संघ मधेश प्रदेशको दोस्रो अधिवेशन सम्पन्न



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
प्रधानाध्यापक संघ नेपाल, मधेश प्रदेश समितिको दोस्रो अधिवेशन शनिवार जनकपुरधाममा सम्पन्न भएको छ । अधिवेशनमा शिक्षामा प्रविधिको प्रभावकारी प्रयोग, संस्थागत सुधार र शिक्षकहरूको क्षमता अभिवृद्धि विषयमा विशेष छलफल, प्रशिक्षण तथा सम्मान कार्यक्रम आयोजना गरिएको थियो । कार्यक्रममा संघका मधेश प्रदेश अध्यक्ष संजय झाको अध्यक्षता रहेको थियो भने संघका केन्द्रीय अध्यक्ष सुदाम प्रसाद गौतम प्रमुख अतिथि थिए । अधिवेशनमा वर्षभरिमा प्रदेश समितिले गरेको कार्यको प्रगति प्रतिवेदन अनुमोदन गरिएको थियो । दुई सत्रमा सम्पन्न अधिवेशनको पहिलो सत्रमा शिक्षकलाई प्रविधिमैत्री बनाउने विषयमा प्रशिक्षण दिइएको थियो । मिडास एजुकेसन फाउन्डेसनका छत्रहरि कार्कीले प्रविधि प्रयोग गरेर कक्षा कोठामा प्रभावकारी सिकाइ कसरी सम्भव हुन्छ भन्नेबारे व्यवहारिक जानकारी गराएका थिए । त्यस्तै, बाबु कृष्ण सापकोटाले 'सजिलो शिक्षा' विषयमा सहज र रमाइलो सिकाइ प्रक्रियाको प्रस्तुति दिँदै सहभागीहरूलाई सजिलो तर प्रभावकारी पठनपाठनको प्रविधिबारे अवगत गराए । एभरेष्ट इन्जिनियरिङ कलेजका अरुण भण्डारीले नेपालमा प्रविधि शिक्षाको अवस्था, चुनौती र सम्भावनाबारे जानकारी प्रस्तुत गरे । अधिवेशनमा राष्ट्रिय तथा स्थानीय तहमा शिक्षामा उत्कृष्ट कार्य सम्पादन गर्ने पालिका, विद्यालय, शिक्षक र व्यवस्थापन समितिहरूलाई दोसल्ला ओढाई सम्मान गरिएको थियो । उत्कृष्ट शिक्षकहरूलाई प्रत्येकलाई ५ हजार रुपैयाँ नगद पुरस्कारसहित सम्मानित गरिएको थियो । संघका अध्यक्ष झाका अनुसार २५ सदस्यीय प्रादेशिक समितिमा अब अवकाश प्राप्त प्रधानाध्यापकहरूको स्थानमा नयाँ पदाधिकारी नियुक्त गरिनेछ । 'यो अधिवेशन संस्थागत पुनर्संरचनाको शुरुवात पनि हो,' अध्यक्ष झाले भने । प्रमुख अतिथि तथा संघका केन्द्रीय अध्यक्ष सुदाम प्रसाद गौतमले जनकपुरधाममा आयोजित अधिवेशनले शिक्षकहरूको हौसला बढाएको भन्दै त्यसको प्रभाव सकारात्मक रहेको बताए । उनले आउँदो जेठ २३ र २४ गते पोखरामा आयोजना हुने संघको केन्द्रीय अधिवेशनको जानकारी गराउँदै देशभरिबाट शिक्षकहरूको उल्लेखनीय सहभागिता हुने विश्वास व्यक्त गरे । उनका अनुसार अधिवेशनमा नेपालभित्रका प्रमुख शिक्षा साझेदार संस्था, विकास सहयोगी संघसंस्था, विदेशमा रहेका नेपाली शिक्षक तथा संघ–संगठनहरूको पनि उपस्थित हुनेछन् ।

# हलुवाई समाजलाई शिक्षामा जोड दिने मन्त्री रायको प्रतिबद्धता

**मधेशदृष्टि**
**सर्लाही ।**
हलुवाई सेवा समिति सर्लाहीको १५औं जिल्ला अधिवेशनलाई सम्बोधन गर्दै मधेश प्रदेश सरकारका श्रम तथा यातायात मन्त्री कौशल किशोर रायले हलुवाई समुदायको हकहितका साथै शिक्षामा विशेष जोड दिँदै सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् । मन्त्री रायले सर्लाहीमा हलुवाई जाति विभिन्न कारणले पछाडि परेको बताउँदै सामाजिक, शैक्षिक तथा आर्थिक रुपमा सशक्त बनाउन राज्यको भूमिका महत्वपूर्ण हुने उल्लेख गरे । सदरमुकाम मलंगवामा आयोजित अधिवेशनको जिल्ला अध्यक्ष रामनाथ साहको अध्यक्षता तथा प्रमुख अतिथि मन्त्री राय लगायत हलुवाई सेवा समितिका केन्द्रिय अध्यक्ष शत्रुधन साह, प्रदेश अध्यक्ष रामशंकर साह लगायतको उपस्थिति रहेको थियो । अधिवेशनले २१ सदस्यीय नयाँ जिल्ला समिति गठन गर्ने गरेको आयोजक समितिले जनाएको छ ।

# जनज्योति क्याम्पसमा बिदाई तथा सम्मान कार्यक्रम सम्पन्न

**मुकेश कुमार साह**
**रौतहट ।**
रौतहटको जनज्योति बहुमुखी क्याम्पस चन्द्रनिगाहपुरमा स्नातक चौथो वर्ष र स्नातकोत्तर तह चौथो सेमेस्टरसम्मको अध्ययन पूरा गरेका विद्यार्थीहरूको सम्मान तथा बिदाइ कार्यक्रम एक समारोहबीच सम्पन्न भएको छ । स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) को आयोजनामा सम्पन्न सो कार्यक्रममा शिक्षाका क्षेत्रका विशिष्ट व्यक्तित्व, शिक्षक, सञ्चारकर्मी, विद्यार्थी तथा अभिभावकहरूको उपस्थितिमा कार्यक्रम सम्पन्न भएको हो ।



समारोहका प्रमुख अतिथि तथा संघीय सांसद देव प्रसाद तिमल्सिनाले पानसमा दीप प्रज्वलन गर्दै कार्यक्रमको औपचारिक उद्घाटन गरे । उनले सामुदायिक क्याम्पसहरू ग्रामीण तथा अर्ध–शहरी क्षेत्रका युवाहरूको शिक्षामा पहुँच सुनिश्चित गर्ने महत्वपूर्ण आधार भएको बताए । 'सस्तो, सुलभ र गुणस्तरीय शिक्षाका लागि सामुदायिक क्याम्पसहरू अपरिहार्य छन्,' सांसद तिमल्सिनाले भने, 'जनज्योति क्याम्पसले शिक्षा विस्तारमा सकारात्मक उदाहरण प्रस्तुत गरेको छ ।' कार्यक्रम स्ववियु सभापति नौसाद आलमको अध्यक्षतामा सम्पन्न भएको थियो । कार्यक्रममा क्याम्पस व्यवस्थापन समितिका अध्यक्ष संजय कार्कीले सामुदायिक शिक्षाप्रतिको विश्वास र सहयोग निरन्तर बढिरहेको उल्लेख गर्दै भने, 'शिक्षा कुनै लाभांशमुखी व्यापार होइन, यो समाज परिवर्तनको औजार हो । जनज्योति क्याम्पसले शिक्षामा समावेशिता र गुणस्तर कायम गर्न प्रतिबद्धता जनाएको छ ।' यस्तै क्यामपसका प्राचार्य राजन श्रेष्ठले क्याम्पसमा हालसालै गरिएको सुधार प्रयासबारे जानकारी गराउँदै भने, 'समयमै कक्षा सञ्चालन, परीक्षा तथा आन्तरिक मूल्याङ्कन प्रणालीको सुदृढीकरणमार्फत गुणस्तरीय शिक्षामा जोड दिइएको छ । विद्यार्थीहरूको अनुशासन र शैक्षिक उपलब्धिले क्याम्पसको गरिमा बढेको छ ।' कार्यक्रमका बिशिष्ट अतिथी चन्द्रपुर नगरपालिकाका नगर प्रमुख काफ्लेले स्थानीय सरकार शिक्षाको समग्र विकासमा प्रतिबद्ध रहेको उल्लेख गर्दै सामुदायिक शैक्षिक संस्थाहरूसँग सहकार्यलाई अझ सशक्त बनाउने प्रतिवद्धता व्यक्त गरे । समारोहमा बिदाइ हुँदै गरेका विद्यार्थीहरूलाई मायाको चिनो तथा सम्मान प्रदान गरिएको थियो । उनीहरूमध्ये केहीले आफ्नो अनुभव सुनाउँदै क्याम्पसबाट पाएको मार्गदर्शन र शिक्षाप्रति आभार व्यक्त गरेका थिए । कार्यक्रमको समापनमा सभापति आलमले सहभागी सबैप्रति आभार प्रकट गर्दै विद्यार्थीका हक र अधिकारका लागि स्ववियु निरन्तर क्रियाशील रहने प्रतिवद्धता जनाए ।

# नगर प्रमुख सिंहलाई प्रधानाध्यापक संघको सम्मान

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज महानगरपालिकाका प्रमुख राजेशमान सिंहलाई शैक्षिक क्षेत्रमा उल्लेखनीय योगदान पुर्याएको भन्दै प्रधानाध्यापक संघ नेपाल मधेश प्रदेशले सम्मान गरेको छ ।
जनकपुरधाममा आयोजित प्रधानाध्यापक संघ नेपाल मधेश प्रदेशको दोस्रो प्रदेश सभा कार्यक्रमकाबीच महानगर प्रमुख सिंहलाई सम्मान गरिएको हो । वीरगंज महानगरले पछिल्ला वर्षहरूमा शैक्षिक पूर्वाधार विकास, गुणस्तरीय शिक्षाको प्रवर्द्धन र बालमैत्री वातावरण निर्माणमा खेलेको भूमिकालाई उच्च मूल्याङ्कन गर्दै नगर प्रमुख सिंहलाई सम्मानित गरेको हो । अस्वास्थ्यताका कारण नगर प्रमुख सिंह स्वयम् कार्यक्रममा उपस्थित हुन नसके पनि उनको तर्फबाट वीरगंज महानगरका प्रमुख प्रशासकीय अधिकृत अरविन्द लाल कर्णले सम्मान ग्रहण गरेका थिए । यस्तै महानगरकै कन्या माध्यमिक विद्यालय वीरगंजकी बाल विकास शिक्षिका गिता खनाललाई मधेश प्रदेशकै उत्कृष्ट बाल विकास शिक्षकको रुपमा सम्मान गरिएको छ ।
उनलाई नगद पाँच हजारसहित सम्मानित गरिएको हो । त्यस्तै, सिन्दुरिया माई आधारभूत विद्यालय लक्ष्मणवाका अभिभावक शिक्षक संघका अध्यक्ष प्रदीप कुमार गुप्तालाई मधेश प्रदेशकै उत्कृष्ट अध्यक्षको रुपमा सम्मानित गरियो ।

# शिक्षाको मापदण्डको आधारमा मौलापुर मधेश प्रदेशमै उत्कृष्ट

**मधेशदृष्टि**
**रौतहट ।**
रौतहटको मौलापुर नगरपालिका शिक्षाको मापदण्डको आधारमा मधेश प्रदेशमै उत्कृष्ट नगरपालिका घोषित गरिएको छ । शिक्षा क्षेत्रलाई प्राथमिकतामा राख्दै उत्कृष्ट प्रदर्शन गरेको मौलापुर नगरपालिका मधेश प्रदेशमै शिक्षा मापदण्डको आधारमा उत्कृष्ट नगरपालिकाको रूपमा चयन भएको हो । सामुदायिक विद्यालयका प्रधानाध्यापकहरूको संस्था प्रिन्सिपल्स एशोसिएसन अफ नेपालद्वारा गठित पाँच जना विज्ञहरूको मूल्याङ्कन समितिले शिक्षाका २५ वटा मापदण्डहरूका आधारमा मौलापुर नगरपालिकालाई उत्कृष्ट नगरपालिका २०८२ पुरस्कार प्रदान गर्ने निर्णय गरेको छ ।
यही जेठ २३ गते हुने प्रिन्सिपल्स एशोसिएसन अफ नेपालको दोस्रो राष्ट्रिय सम्मेलनमा मौलापुरकी मेयर रिना कुमारी साहलाई पुरस्कार प्रदान गरिने छ ।

# सांसदका श्रीमान् विषादी सेवन गरी अचेत अवस्थामा

**मधेशदृष्टि**
**वीरगंज ।**
नेकपा एमालेकी समानुपातिक सांसद निर्मला देवकोटाका श्रीमान् कुमार कोइराला विषादी सेवन गरी अचेत अवस्थामा वीरगंजस्थित नारायणी अस्पतालमा उपचाररत छन् । घरायसी विवादका कारण उनले नाम नखुलेको विषादी सेवन गरेको बताइएको छ ।
नारायणी अस्पतालका सूचना अधिकारी डा.उदयनारायण सिंहले कोइराला विगत ८ दिनदेखि अस्पतालको आइसियु कक्षको बेड नम्बर 'सी' मा उपचाररत रहेको जानकारी दिए ।
उनलाई मृगौलामा पहिलेदेखि नै समस्या भएकोले विषादी सेवनका कारण थप समस्या देखिएको छ । यो घटना शुरुमा राजनीतिक पहुँचका आधारमा प्रहरीलाई जानकारी नगराई गुपचुप राखिएको थियो । तर, जानकारी पाएलगत्तै जिल्ला प्रहरी कार्यालय पर्साको टोलीले अनुसन्धान शुरु गरेको छ । प्रहरीको प्रारम्भिक अनुसन्धानबाट घरायसी विवादका कारण कोइरालाले विषादी सेवन गरेको खुलेको छ । यस घटनाबारे थप अनुसन्धान भइरहेको पर्सा प्रहरीले जनाएको छ ।

# अदालतबाट कैद सजाय र जरिवाना तोकिएका आठ जना फरार प्रतिवादी पक्राउ

**मधेशदृष्टि**
**सप्तरी ।**
अदालतबाट कैद सजाय तथा जरिवाना तोकी फरार रहेका आठ प्रतिवादीलाई प्रहरीले पक्राउ गरेको छ ।
जिल्ला प्रहरी कार्यालय तथा मातहतका इलाका प्रहरी कार्यालयबाट खटेको प्रहरी टोलीले सप्तरी जिल्ला अदालतबाट विभिन्न मुद्दामा कैद सजाय ठहर भएका फरार आठ जना प्रतिवादीलाई पक्राउ गरेको हो ।
पक्राउ पर्नेमा अपहरण उद्योगका सप्तरीको डाक्नेश्वरी नगरपालिकाका रासलाल साह र मलाबक्स मिया छन् । दुबै जनालाई सप्तरी जिल्ला अदालतले उक्त मुद्दामा जनही एक वर्ष पाँच महिना ६ दिन कैद सजाय हुने ठहर गरेको थियो ।
यस्तै बहुविवाह मुद्दामा अदालतबाट एक वर्ष कैद सजाय तोकिएका राजविराज नगरपालिका–४ बस्ने राजेश अग्रवाल पनि पक्राउ परेका छन् । यस्तै चौपाया चोरी मुद्दामा १७ दिन कैद भएका सप्तरीको शम्भुनाथ नगरपालिका–७ का विकाश चौधरी र कुटपिट लुटपिट मुद्दामा पाँच दिन कैद तथा १० हजार रुँपैया जरिवाना गरिएको बोदेबरसाइन नगरपालिका–१ का परशुराम चौधरी तथा सोही मुद्दामा जनही १२१ हजार जरिवाना तोकिएका तिलाठी कोइलाडी गाउँपालिका–४ का बलराम खंग र सुमिज्ञा देवी खंग पनि पक्राउ परेका छन् ।
उनीहरुबाट तीन वर्ष ११ महिना ४ दिन कैद तथा २४ हजार २ सय रुपैयाँ जरिवाना असुल्न बाँकी रहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

# कब्रगाहको बाउन्ड्रीवाल निर्माणको शिलान्यास

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज महानगरपालिका–१७ स्थित अलौँमा रहेको मुस्लिम समुदायको कब्रगाहको बाउन्ड्रीवाल निर्माण कार्यको शिलान्यास गरिएको छ । करिब ५० लाख रुपैयाँको लागतमा निर्माण हुने पर्खालले कब्रगाहको सुरक्षा, संरक्षण तथा व्यवस्थापनमा मद्दत गर्ने विश्वास लिइएको छ । शिलान्यास कार्यक्रममा बोल्दै वीरगंज महानगरपालिकाका प्रमुख राजेशमान सिंहले वीरगंजलाई सांस्कृतिक, धार्मिक र जातीय विविधताको प्रतीकको रूपमा वर्णन गर्दै सबै समुदायका धार्मिक स्थलहरूको संरक्षण महानगरको साझा दायित्व भएको उल्लेख गरे ।
शिलान्यास कार्यक्रममा योजना प्रमुख अवधेश कुशवाहा, प्राविधिक सल्लाहकार प्रकाशमान अमात्य, इन्जिनियर प्रकाश अधिकारी, मुस्लिम समुदायका अगुवा तथा स्थानीय बासिन्दाहरूको उपस्थिति रहेको थियो ।

# आकस्मिक रक्तदान कार्यक्रम सम्पन्न

**मधेशदृष्टि**
**वीरगंज ।**
रगत अभावको बढ्दो समस्यालाई मध्यनजर गर्दै कोसेली युथ क्लब, जितपुर सिमराको आयोजनामा आकस्मिक रक्तदान कार्यक्रम सम्पन्न भएको छ ।
नेपाल रेडक्रस सोसाइटी वीरगंजका प्राविधिक मनिष गुप्ताको सहयोगमा सम्पन्न कार्यक्रममा कुल ४० जनाले रक्तदान गरेका छन् । रक्तदान गर्नेमा ३६ जना पुरुष र ४ जना महिला सहभागी थिए । रक्तदातामध्ये काजल ङगोल, रेबिका बस्नेत, सुनिल कुमार गुप्ता, सुदिप कार्की, राम श्रेष्ठलगायतकाले रगत दान गरेका थिए ।

## सम्पादकीय

# बजेटले करमा गरेको हेरफेर

आर्थिक वर्ष २०८२–८३ को वार्षिक बजेटमा विभिन्न शीर्षकका करका दरसम्बन्धी विद्यमान व्यवस्थामा हेरफेर भएको छ। विभिन्न शीर्षकका राजस्वका दरसम्बन्धी व्यवस्थामा संशोधन भएको हो। नयाँ व्यवस्थामा सूचना प्रविधिमा आधारित उद्योग र होटल तथा रिसोर्टले विशेष उद्योगसरह आयकर र विद्युत महसुल छुट पाउने भएका छन्। सूचना प्रविधि सेवा निर्यातबाट प्राप्त हुने आयमा लाग्ने करमा ७५ प्रतिशत छुट हुने भएको छ। नेपालमै बसेर विदेशमा सूचना प्रविधि सेवा निर्यात गर्ने व्यक्तिको आम्दानीमा पाँच प्रतिशत मात्र आयकर लाग्ने र यो कर अन्तिम हुने व्यवस्था गरिएको छ। १० करोड रुपैयाँसम्मको वार्षिक कारोबार गर्ने स्टार्टअप व्यवसायलाई पाँच वर्षसम्म आयकर नलाग्ने व्यवस्था गरिएको छ। काठ तथा काठजन्य सामग्रीको गुणस्तरीय उत्पादन तथा उपभोग बढाउन काठ सिजनिङ गर्ने उद्योगलाई आवश्यक मिल मेसिनरी पैठारीमा एक प्रतिशत भन्सार महशुल लाग्ने गरिएको छ। अन्य सबै कर तथा महसुल खारेज भएको छ। यस्तै, प्राङ्गारिक र प्राकृतिक मल उत्पादनका लागि मिल मेसिनरी तथा उपकरण पैठारी गर्दा लाग्ने भन्सार महसुल हटाइएको छ भने यसमा लाग्ने अन्य सबै कर तथा महसुल खारेज भएको छ। फुटबल, क्रिकेट तथा बहुउद्देश्यीय रङ्शालाको पूर्वाधार निर्माणका लागि आवश्यक पर्ने यन्त्र, उपकरण तथा खेल सामग्रीको पैठारीमा एक प्रतिशत भन्सार महशुल लाग्ने छ।

अन्य कर तथा महशुल खारेज भएको छ। ग्रीन हाइड्रोजन उत्पादन गर्ने उद्योगका लागि पैठारी हुने मेसिनरी उपकरणमा सबै किसिमका कर महसुल नलाग्ने भएको छ। ग्रीन हाइड्रोजन उत्पादकलाई पाँच वर्षसम्म आयकर छुट हुनेछ। सौर्य तथा वायु ऊर्जाबाट विद्युत् सञ्चय गर्न आवश्यक पर्ने ब्याट्री तथा अन्य यन्त्र उपकरणको पैठारीमा एक प्रतिशत भन्सार महसुल लिई अन्य कर महसुल नलाग्ने व्यवस्था गरिएको छ। विद्युतीय सवारी साधनको चार्जिङ मेसिन उत्पादन तथा एसेम्बलिङ गर्ने उद्योग स्थापनाका लागि आवश्यक पर्ने उपकरण पैठारीमा पनि एक प्रतिशत भन्सार महसुल लिई अन्य कर महसुल नलाग्ने व्यवस्था सरकारले गरेको छ। साथै, यस्ता उद्योगलाई पाँच वर्षसम्म आयकर छुट दिने व्यवस्था मिलाइएको छ। त्यस्तै, डिजिटल भुक्तानीलाई प्रोत्साहित गर्न समाशोधनगृहको सेवामा लाग्दै आएको मूल्य अभिवृद्धि कर खारेज भएको छ। खाद्यान्न, गेडागुडी, फलफूललगायत वनस्पतिजन्य, पशुजन्य तथा दूधजन्य पदार्थमा भन्सार विन्दुमा लाग्दै आएको अग्रिम आयकर खारेज गरिएको छ। श्रवण शक्ति कमजोर भएका व्यक्तिका लागि आवश्यक पर्ने श्रवणयन्त्रमा लाग्ने मूल्य अभिवृद्धि कर खारेज गरिएको छ। हवाई वा स्थलमार्गबाट नेपाल प्रवेश गर्ने यात्रुले नेपालमा विनिमय हुने पाँच हजार अमेरिकी डलर बराबरको विदेशी मुद्रा वा ट्राभलर्स चेक साथमा ल्याउन पाउने र सोभन्दा बढी भन्सार विन्दुमा घोषणा गरी ल्याउन सक्ने व्यवस्थालाई सहजीकरण गर्ने नीति सरकारले लिएको छ।

राजस्व छुट सुविधामा पैठारी गर्न पाउने बिरामी बोक्ने एम्वुलेन्समा विद्यमान १६ लाख रुपैयाँको मूल्य सीमा हटाइएको छ। विद्युतीय सवारी साधनको प्रयोगलाई प्रोत्साहित गरी वातावरण प्रदुषण न्यूनीकरण गर्न र विद्युतको आन्तरिक खपत बढाउन भन्दै सरकारले त्यस्ता सवारी साधनमा लगाइएको सबै प्रकारका कर तथा महसुल यथावत राखेको छ। बीस वर्षभन्दा पुराना वा सञ्चालनमा आउन नसक्ने सार्वजनिक तथा निजी सवारी साधनको लगत कट्टा गर्ने प्रयोजनका लागि अन्तिम दुई वर्षको आयकर बुझाएमा बाँकी आयकर छुट दिने व्यवस्था सरकारले ल्याएको छ। सडक, सिँचाइ र जलविद्युत् आयोजनामा सुरूङ प्रविधिको प्रयोग प्रवद्र्धन गर्न निजी क्षेत्रले टनेल बोरिङ मेसिन पैठारी गर्दा एक प्रतिशत भन्सार शुल्क लाग्नेछ। ढुवानी सेवा प्रदायक व्यवसायीले प्राकृतिक व्यक्तिको ढुवानीका साधन भाडा वापत अग्रिम कर कट्टी गरी भुक्तानी गरेकोमा भाडाबापतको रकम करयोग्य आय गणना गर्दा खर्च कट्टी गर्न पाउने व्यवस्था सरकारले ल्याएको छ। मूल्य अभिवृद्धि कर तथा अन्तःशुल्कको विवरण बुझाउन वा कर दाखिल गर्न नसकेका व्यक्तिलाई विवरण र कर बुझाएमा ब्याज, थप दस्तुर, विलम्ब शुल्क र जरिवानामा सहुलियत दिइएको छ। त्यस्तै, अन्तर्राष्ट्रिय हवाई सेवा प्रदायक कम्पनी र सोका हवाई टिकटको कारोबार गर्ने व्यक्तिले मूल्य अभिवृद्धि करमा दर्ता भई बुझाउन बाँकी कर रकम बुझाएमा ब्याज, थप दस्तुर र जरिवाना मिनाहा हुने व्यवस्था सरकारले गरेको छ। आय विवरण पेस नगरेका करदातालाई कार्यालयबाट गरिएको संशोधित कर निर्धारणबाट सिर्जित बक्यौता फरफारक गर्ने मौका दिइने छ। मदिरा, बियर, सूर्ति र चुरोटको आयातमा लाग्दै आएको भन्सार महसुल दरमा वृद्धि भएको छ। अन्तःशुल्क दरमा वृद्धि भएको छ।

# धूम्रपानको लतले बिगारेको शारीरिक र मुख स्वास्थ्य



डा. प्रकाश बुढाथोकी

विश्व स्वास्थ्य सङ्गठनले केही वर्षअघि गरेको सर्वेक्षणमा मुलुकको ७२ प्रतिशत घरमा न्यूनतम एक व्यक्ति धूम्र्रपान गर्ने गरेको पाइएको छ। यसमा १२ प्रतिशत व्यक्ति १० वर्षको उमेर नपुग्दै सुर्तीजन्य वस्तुको सेवन सुरु गर्ने गरेका छन्।

विश्वका विभिन्न देशमध्ये नेपाल धूम्र्रपान सेवन गर्नेमा अग्रस्थानमा छ। नेपालमा ७३ प्रतिशत व्यक्तिले सुर्तीजन्य पदार्थको कुनै न कुनै रूपको सेवन गर्ने गरेको तथा कम्तीमा एक पटक अनुभव गरेका पुगनपुग ९० प्रतिशत भएको एक अर्को अध्ययनले देखाएको छ।

अरु त अरु २५ प्रतिशत शहरी क्षेत्रका गर्भवतीले पनि धूम्र्रपान गरेको पाइन्छ। ७७ प्रतिशत भन्दा बढी महिला, ८९ प्रतिशत भन्दा बढी पुरुषद्वारा कुनै न कुनै रूपमा सुर्तीजन्य पदार्थको प्रत्यक्ष वा अप्रत्यक्षरूपमा सेवन गर्ने गरेको अनुमान छ मेरो दुई हजार १३९ विभिन्न कार्यक्रम, निःशुल्क स्वास्थ्य शिविरमा आएकाको मुख परीक्षण गर्दाको।

अम्मल सुर्तीजन्य पदार्थको सेवन सारा विश्वको लागि टड्कारो समस्या बनिरहेकोमा नेपाल अछुतो रहने कुरा भएन। यसैमा अझ विगत १५ वर्षमा सुर्तीजन्य पदार्थको खपत एकहजार २०० गुणाले बढ्दा उत्पन्न शारीरिक, मानसिक, पारिवारिक, आर्थिक, सामाजिक र वातावरणीय असर सम्झँदा नै कहाली लाग्ने भएको छ।

यिनै समस्याहरूको समाधानमा सहयोग पुऱ्याउन सुर्ती सेवनबाट उत्पन्न जटिलताहरू, खतरा, सुर्ती एवं चुरोट उत्पादक कम्पनीहरूको व्यापारिक नीति तथा सुर्ती मन्दविष र कडा लागुपदार्थ हेरोइन, कोकिनको प्रवेशद्वार भएको वारे आमनागरिकलाई जानकारी गराई सुर्ती सेवन निरुत्साहित पारी अहिलेको डरलाग्दो अवस्थालाई कम गर्न वा निर्मुल गर्न विश्व स्वास्थ्य संगठनद्वारा हरेक वर्ष मे ३१ मा बिश्व धूम्र्रपानरहित दिवस मनाइने गरिन्छ।

**धूम्र्रपान भन्नाले के बुझिन्छ?**

सुर्तीजन्य वनस्पति प्रमुखतर्या 'निकोटीयना रस्टीका र निकोटीयना टोवाकम'को पात सुकाएर सिधै वा विभिन्न प्रक्रियाद्वारा प्रशोधन गरी वा प्रशोधनपछि अन्य तत्वहरू मिलाएर प्याकेटमा राखी बनाइएका चुरोट, विडी, सुर्ती, सुल्फा, जर्दा, पराग र गुट्खा इत्यादिमा हुने निकोटिन नामक रसायनिक पदार्थलाई कुनै पनि माध्यम चाहे मुख, म्युकोसा, नाक वा छालाबाट होस शरीरले ग्रहण गर्नु वा अवशोषित गर्नुलाई धूम्र्रपानको सङ्ज्ञा दिइन्छ। यो धुवाँ सेवनमात्र नभएर सुर्ती सेवन हो र एक प्रकारले दुव्र्यसन हो।

**सुर्ती सेवन कुन कुन रूपमा गरिन्छ त?**

सुर्ती धुवाँको रूपमा वा धुवारहितका विभिन्न रूपहरूमा खाने गर्ने गरिन्छ।

धुवाँको रूपमा–नेपालमा ५५ प्रतिशत नागरिकले धुवाँको रूपमा सुर्ती सेवन गर्दछन्। आर्थिक हैसियतअनुसार सिगार, चुरोट, विडी, चिलम, तमाखु, ककड, पाइप त्यसैमा अझ घरानीया र बुढाबुढी छन् भने हुक्का, हुकली, चुट्टा, घुम्टीको रूपमा सुर्ती सेवन गर्दछन्। गाउँका महिलाहरू जो बच्चाका आमा हुन्छन् उनीहरूले चुरोट, बिडी उल्टोमुखी सेवन गरेको पाइन्छ।

धुवाँरहित रूपमा–हाम्रो मुलुकका ४५ प्रतिशत नागरिकले सुर्ती धुवाँरहित रूपमा प्रयोग गर्दछन्। आजकलका युवावस्था र केटीहरूमा यस्तो रूपको धूम्र्रपान सेवन बढी नै देखिन्छ। यसमा चपाएर प्रयोग गर्ने सुर्ती– पानसँग, सुपारीसँग वा सुर्ती मात्रै जस्तै जर्दा, मावा मुखमा राखी रस लिने–चुस्ने सुर्ती– जस्तै खैनी, मैनपुरी सुर्ती, नास, निस्वार, सुर्ती र चुन .दाँत गिजा वा मुखका अन्यमा भागमा लेप्ने सुर्ती– जस्तै बजार दाँत सफा गर्न (मंजनको रूपमा) प्रयोग गरिने सुर्ती– जस्तै गुल, गुडाखु, मिश्री, मसेरी र वास–गन्ध लिने सुर्ती– जस्तै स्नफजस्ता थुप्रै रूप र नामले सुर्तीको सेवन गरेको पाइन्छ नेपालमा।

**नकारात्मक असर**

एक खिल्ली चुरोटले मानिसको आयु साढे पाँच मिनेट हरेक वर्ष १ महिना र ५० वर्षमा चार वर्ष घटाउँछ। त्यसैमा पनि धूम्र्रपानकर्ता जति वर्ष बाँच्छ, उक्त समयभर पनि कष्टरहित र गुणस्तरयुक्त जीवन बाँच्न सक्दैन। वरीपरी बस्ने मानिसलाई पनि खराब असर पु¥याउँदछ। कुनै पनि एकल रोगभन्दा बढी मृत्युकारक रोग निम्त्याउने पदार्थ धूम्र्रपान नै हो। यसले २५ किसिमका विभिन्न रोगहरू प्रत्यक्ष किसिमले र विभिन्न दुई तिहाइजति क्यान्सरहरू बनाउँछ। सुर्ती सेवनले नकारात्मक असर नपार्ने शरीरको कुनै पनि अङ्ग, तन्तु र रोग नभएको जानकारी छ।

दाँत, छाला र औँलाहरू निकोटिनले पहेंला त्यसपछि कालो बनाउँछ। रक्तनली एवं भल्भमा निकोटिन जम्दै जाँदा बोसोको मात्रा बढ्दै जाँन्छ। साँघुरिँदै जान्छ। धूम्र्रपानले मायोकार्डीयल इन्फाकेशन, हटफेल र हृदयाघात हुने संभावना तीन गुणा बढाउँछ भने मुटुसम्बन्धी रोगहरू पाँच गुणा बढी हुन्छ। खुट्टामा थोम्ब्रोएण्जाइटिस अवलीटेरन्स हुन्छ। छाती सम्बन्धी रोगहरू दम, खोकी बढ्ने, टिबि (क्षयरोग) निमोनिया, ब्रोङकाइटिस, जीर्ण फोक्सोगत रोगहरू र चाहिने अक्सिजन लिन नसकी स्याँ स्याँ हुन्छ। घुर्ने समस्या बढाउँछ। शरीरको प्रतिरक्षा शक्ति कमजोर हुन्छ। श्रवणशक्ति कमजोर बनाउँछ, दिमागको कोषलाई असर पारी आई.क्यू लेबल पनि घटाउँछ। समयपूर्व नै छालामा चाउरी पर्ने गराउँछ। कम निद्रा लाग्ने, सुत्दा निद्रा नलाग्न, औषधिले काम नगर्ने, औषधि विरुद्ध अवरोध सृजना गराउने गर्दछ।

धूम्रपान नगर्नेलाई भन्दा गर्नेलाई क्यान्सर हुने अधिक संभावना रहन्छ। हुने गरेका क्यान्सरमा ९० प्रतिशत भन्दा बढी मुखको क्यान्सर, ८५ प्रतिशत फोक्सोको क्यान्सर, स्वरयन्त्र, अन्ननली, मुत्राशय, पित्ताशय, आमाशय, छालाको, पाठेघर, स्तनको क्यान्सर,पेटको, मिर्गाैला को फियोको क्यान्सरको कारक धूम्र्रपान नै पाइएको छ। जम्मा क्यान्सरमध्ये ६५ प्रतिशत धूम्र्रपानले नै गराउँछ।. पुरुषमा नपुंशकता र महिलामा बाँझोपन, मांशपेशी कमजोर, हाड कमजोर, मोतिया विन्दु, चपाउने सुर्ती प्रयोग गर्नेमा पेट दुख्ने, पटक पटक थुकिरहनुपर्ने, पेट बोकेकी आमामा शारीरिक र मानसिक रूपमा असक्षम कमजोर, रोगी र अंगभंग बच्चा जन्मने, समयपूर्व बच्चा जन्मने, बढी गर्भपतन, जन्मेको बच्चा २८ दिनमै मर्ने, कम तौलको बच्चा, बालमृत्यु दर बढी, असफल गर्भाधानको प्रबल संभावना। खेलाडीमा चाँडै थाक्ने र स्टामिना घटाउँदछ। ३० वर्षको धूम्र्रपानकर्ता र ४२ वर्षको धूम्र्रपान नगर्नेले १६ किलोमिटर बराबर समयमा पुरा गर्दछन्। एक चुरोट प्रतिदिनले, ४० सेकेण्ड दौड्ने क्षमता कम गराउँदै लगेको वैज्ञानिक पुष्टि पनि छ। छोरा हुने संभावना घटाउँछ। क्रोमोजोमलाई निकोटिनले असर पारी पुरुषको प्रजनन् क्षमतामा कम, शुक्राणु नोक्सान र महिलाको पाठेघरमा नरभ्रुण बस्न नदिने अवस्था ल्याउँछ।. कपाल र लुगा फोहोर हुने, तालु खुइलिने, कपाल झर्ने, छाला पत्रिंदै फुस्रो हुने (सोरियासीस), अनुहारको चमक हराएर चाँडै चाउरी पर्ने, ओठ सुख्खा, नीलो वा कालो भई सुन्दरता नष्ट भई कुरूप बनाउँछ।

धूम्रपानले मष्तिष्कमा रक्तश्राव गराउनसक्छ र पक्षघात भई मृत्यु हुन सक्छ। खानामा रुची कमी, पेटमा अल्सर, पेटमा गडबडले गर्दा कुपोषण हुन्छ। दम, खोकी, स्याँ–स्याँ र कमजोरीका कारण कामबाट वन्चित भै अम्मली गरिबीको दलदलमा फस्दछन्।. मासिक श्रावमा गडबडी, स्नायु नशा तथा धमनी सुन्निने, मधूमेह बनाउँछ। निकोटिनको दीर्घकालीन असर हातखुट्टामा पनि परी हातखुट्टामा बढी जाडो महसुस गरेको, औंला र जोर्नी दुखेको तथा बर्गर रोग लागेको देखिन्छ।

**सुर्तीमा के छ र यति धेरै रोग लगाउन सक्ने?**

सुर्तीलाई परापूर्वकालमा औषधीको रूपमा, घरानियाको प्रतिकको रूपमा र धार्मिक रूपमा प्रयोग गरिएता पनि प्राचीनकालमा नै यसका बेफाइदा थाहा भइसकेको कुरा प्राचीनकालमा टर्कीमा धूम्र्रपान गर्नेलाई मृत्युदण्ड दिने चलन र रुसका राजा जारहरूद्वारा धूम्र्रपान गर्ने प्रजाहरूलाई कोर्रा लगाउने, नाक काटिदिने र साइबेरिया पठाइदिने प्रथाबाट प्रष्ट हुन्छ तर वैज्ञानिक आधार पत्ता लागेको ५० वर्ष मात्र भएको छ।

अप्रशोधित सुर्ती वा ककडमा २५०० भन्दा बढी रसायनिक तत्व हुन्छन् भने ४३ तत्वहरू कार्सीनोजन हुन्छन्। यही सुर्तीलाई धुवाँको रूपमा सेवन गर्दा ४००० रसायन हुन्छ। जसमा ४०० विषालु पदार्थ ९५ प्रतिशतभन्दा बढी ग्यासहरू र ६० भन्दा बढी क्यान्सर बनाउन सक्ने तत्वहरू हुन्छन्। त्यस्तै अन्य तत्वसँग मिसाउँदा जस्तै चुना प्राणघातक रोग तथा क्यान्सर लाग्ने खतरा धेरै बढाउँछ।

कार्सीनोजन तत्वहरूमा टोबाको स्पेसिफिक नाइट्रसअमाइन, पोलीन्युक्लीयर एरोमेटीक हाइड्रोकार्वन, टार, खोटो फेनोल, क्रेसोल, क्याटेकोल, न्याप्थुलअमाइन, बेन्जोपाइरिन, हाइड्राजिन, भिनाइल क्लोराइड, निकोटिन, कार्वनमोनोअक्साइड, कार्वनडाइअक्साइड,

नाइट्रोजनका अक्साइड, साइनाइड, फर्मलडीहाइड, ट्रेस धातुहरू, निकल, आर्सेनिक, पोलोनियम–२१० इत्यादि पर्दछन्। प्रमुख प्राणघातक रसायनमा निकोटिन, खोटो र कार्वनमोनोअक्साइड पर्दछन्। एसीटोन, एमोनिया, आर्सेनिक, वेन्जीन, फर्मालीन जस्ता तत्वहरूले चुरोटको धुवाँमा रहेको विषाक्ततालाई थप उर्जा दिन्छन्।

**धूम्र्रपान विरुद्धमा नेपालमा के गर्नुपर्ला त?**

धूम्र्रपानले व्यक्ति, समाज, परिवार र राष्ट्रलाई नै अधोगति गराउने हुनाले यसको विरुद्ध राष्ट्रिय अभियान सञ्चालन गर्नुपर्दछ। नेपालमा धूम्र्रपान विरुद्धको अभियानमा निजी, सरकारी, गैरसरकारी, सङ्घसंस्था थुप्रै लागेका छन् तर तिनमा सामन्जस्यको कमी छ भने यस अभियानको दायित्वबोध सबै सङ्घसंस्था, संचारमाध्यम र तपाई, म, हामी सबै नागरिक समाजले नगर्दा यो प्रभावकारी रूपमा अगाडि बढ्न सक्दैन। धूम्र्रपान जस्तो समाजको साझा समस्यालाई सामुहिक पहलबाट सामाजिक बहिस्कार गर्ने, धूम्र्रपान विरुद्ध अभियानलाई निरन्तर प्रक्रियाका रूपमा वर्षको ३६५ दिन नै सक्रिय रूपमा अघि बढाउनु पर्छ।

विद्युतीय संचार माध्यममा २०५५ फाल्गुण ७ देखि धूम्र्रपानसम्बन्धी विज्ञापनमा रोक भए पनि सबै संचारका माध्यममा सुर्तीजन्य पदार्थको विज्ञापनमा प्रतिबन्ध लगाउनुपर्छ। धूम्र्रपान सम्बन्धी विज्ञापन वोर्डहरू, होर्डिङ्ग वोर्डहरू, सम्पूर्ण छापा, भित्ते पोष्टरमा बन्देज गरिनु पर्दछ। स्कुलको पाठ्यक्रममा धूम्र्रपानबाट हुने हानीबारे पाठ्यसामग्री बढाउनु पर्छ किनभने धूम्र्रपानको लत स्कूले उमेरबाट नै सुरु हुन्छ। विद्यार्थीलाई दिइएको शिक्षाले उसको ५० वर्षको जीवन स्वस्थ र सुरक्षित रहन्छ।

उपचारमा ठूला ठूला अस्पताल तथा भरतपुर र भक्तपुर क्यान्सर अस्पताल प्रमुख भए पनि देशका पाँचै विकास क्षेत्रमा सहायक केन्द्र हुनु पर्ने तथा स्वास्थ्यचौकी, अस्पताल र सार्वजनिक स्थलमा सुर्ती सेवनका बेफाइदाबारे जानकारीमूलक कार्यक्रम सञ्चालन गरिनु पर्दछ। . ठूला व्यक्तिहरू, आदर्श व्यक्तिहरूद्वारा सेवन नगरिदिने गर्दा पनी अम्मलमि न्युनीकरण हुनसक्छ। बच्चाहरूले देखासिकीमा बाबुआमा, दिदी, दाई, नायक, नायिका, खेलाडी, मोडेलबाट सिक्दछन्।

सुर्तीजन्य पदार्थमा लाग्ने करमा वृद्धि गरेर वा स—साना प्याकेट र फुटकरमा किनमेल गर्न नपाइने बनाउदा पनि अम्मलीको र बालबालिकाको सङ्ख्या घटाउन सकिन्छ। चुरोटको सेवनलाई घटाउन वा निरुत्साहित गरिदिने एउटा विकल्प त्यसको मूल्यलाई चर्को बनाइदिने पनि हुनसक्छ। विश्व बैंकका अनुसार चुरोटको मूल्यमा हुने १० प्रतिशत बृद्धिले मात्रै पनि उच्च आय दर भएका मुलुकहरूमा ४ प्रतिशत र कम तथा मध्यम आयदर भएका मुलुकहरूमा ८ प्रतिशतले त्यसको खपतमा कमी आउने गर्छ। त्यसरी १० प्रतिशत मात्रै मूल्यवृद्धिले पनि करिब ४ करोड २० लाख मानिसहरूले धूम्र्रपानको लत छोड्ने र त्यसको परिणाम स्वरूप कम्तिमा १ करोड मानिसहरू चुरोट सम्वद्ध रोगका कारण मर्नबाट बच्नेछन्।

बालबालिकालाई ओसार पसार, विक्री वितरण र खरिदमा हुने संलग्नतामा निषेध गरिनु पर्दछ।

अभियानकै रूपमा सडक बालबालिका, खाते र जोखिम समूहलाई लक्षित गरी कार्यक्रम चलाइनु पर्दछ। सार्वजनिक स्थलमा धूम्र्रपान बिक्री वितरण गर्नेलाई कारवाही, दण्ड र सजायको कार्यान्वयन गरी भागिदार गरिनु पर्दछ।

निःशुल्क स्वास्थ्य शिविर, सहकारी, सरकारी र गैह्र सरकारी संस्थाहरूबाट बेला – बेलामा गरिने कार्यक्रमको आयोजना शहरी क्षेत्रमा मात्र नभई गाउँ – गाउँमा र धेरै सङ्ख्यामा गरी धूम्र्रपानलाई निरुत्साहित पार्नु पर्दछ। आवश्यक सरसुविधा पूर्वाधार र दरबन्दीको व्यवस्था गरी डेन्टल र मेडिकल डक्टर गाउँ – गाउँमा जाने वातावरण बनाइनु पर्दछ। जसले एकातिर धामी झा"क्री, झोले डाक्टर र नक्कली डाक्टरको विगविगी घट्ने र उनीबाट ठगिएका जनताले गुणस्तर र सर्वसुलभ उपचार पाउने छन् भने अर्कोतिर रोजगारी नपाएर डक्टर भौतारिनु र विदेशिने अवस्थाको अन्त्य हुने छ।

सुर्तीजन्य पदार्थ सेवनबाट बच्न अम्मली स्वयंकै दृढ संकल्प र उच्च मनोबल चाहिन्छ। कुलतबाट छुटकारा पाउन परिवारजनले महत्वपूर्ण भूमिका खेल्न सक्नु पर्दछ। आफूलाई सकेसम्म व्यस्त राख्दा यस्ता लतमा ध्यान जादैनन्। सकेसम्म एक्लै वस्नु हुँदैन, परिवार र साथीस"ग बसी छलफल गर्ने गर्नुपर्दछ। साथीलाई समेत कुलतबाट छुटकारा पाउन सल्लाह दिनु पर्छ। कुलतबाट मुक्त हुन कुनै विशेष तिथिमिति जस्तै जन्मदिन, नया" वर्ष वा प्रेरक व्यक्तित्वको जन्म दिन पारेर प्रतिज्ञा गर्नु पर्छ। उक्त अठोट बारेमा सकेसम्म धेरै साथी वा परिवारजनलाई बताएर मनोवल बढाउन सकिन्छ। सुर्ती सेवनमा निर्भर भइसकेकाहरूको उपचार 'निकोटिन रिप्लेसमेन्ट थेरापी' बाट गर्न सकिन्छ।


अन्त्यमा, धूम्र्रपानले स्वास्थ्यमा प्रतिकुल असर पार्छ नै त्यति मात्र नभई आर्थिक, सामाजिक, पारिवारिक र वातावरणीय दृष्टिकोणले पनि ठूलो नोक्सानी पु¥याउँछ।

सुर्ती रोपेदेखि सुर्तीजन्य पदार्थहरू उत्पादन गर्ने क्रममा कैयन कामदारहरू अम्मली बन्दछन् जसबाट अम्मली व्यक्तिको खर्च बढी परिवारको लागि आवश्यक गाँस, बास र कपासको व्यवस्थापनमा असर पार्दछ र कलह निम्त्याउँछ। फलस्वरूप सामाजिक कुसंस्कारमा फस्न सक्दछन्। सुर्तीजन्य पदार्थले कम्पनीलाई मुनाफा, राष्ट्रलाई राजश्व दिन्छ तर अम्मलीलाई केवल कष्टकर प्राणघातक रोगहरू र मृत्यु मात्र दिन्छ। रासस

# लोकप्रियताभन्दा अर्थतन्त्रलाई चलायमान बनाउन बजेट केन्द्रित छः अर्थमन्त्री पौडेल

**काठमाडौँ ।**

*सरकारले आगामी आर्थिक वर्ष २०८२÷८३ को बजेट संसदमा प्रस्तुत गरिसकेको छ । मुलुकको समग्र आर्थिक अवस्थामा सुधार र अपेक्षित विकासको गति हासिल गर्न विभिन्न सुधारका योजनासहीत सरकारले आगामी आर्थिक वर्षको बजेट ल्याउने अपेक्षा गरिएको थियो । तर प्रतिकूल अवस्थामा पनि औसत र यथास्थितिवादी बजेट आउँदा त्यसले अर्थतन्त्र सुधारमा कति भूमिका खेल्न सक्छ ? भन्नेबारे प्रश्न उब्जिएका छन् । यसै सन्दर्भमा योजना छनौट, विनियोजन, कार्यान्वयन र नतिजा प्राप्तिलगायतका बजेट चक्रमा सरकारले कसरी काम गरिरहेको छ भन्नेबारे उपप्रधानमन्त्री तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलसंग राससका समाचारदाता हेमन्त जोशीले लिएको अन्तर्वार्ताको सम्पादित अंशः*



**आगामी आर्थिक वर्षको बजेटले समातेको लय, यसको केन्द्र तथा प्राथमिकतामा र भएका सुधारका पक्ष के हुन् ?**

स्रोत र खर्च व्यवस्थापनका दृष्टिले यथार्थपरक र अनुशासित बजेट आएको छ । खर्च व्यवस्थापनमा हामीले स्रोतको अधिक सदुपयोग हुने कुरालाई जोड दिएका छौँ । आन्तरिक राजस्व र आन्तरिक तथा बाह्य ऋण परिचालनका सवालमा पनि यथार्थपरक हुन खोजिएको छ । पुँजीगत खर्चको विनियोजन बढाइएको छ, निरन्तर बढ्दो चालु खर्चलाई निश्चित सीमाभित्र राख्न खोजिएको छ, र वित्तीय हस्तान्तरणबाट प्रदेश र स्थानीय तहमा जाने बजेट वृद्धि गरिएको छ । यो बजेटले अर्थतन्त्रलाई चलायमान बनाउने सिलसिलामा मुख्यगरी दुई–तीनवटा कुरालाई जोड दिएको छ । लगानी वृद्धिका निम्ति अनुकुल नीतिगत सुधारको बाटो तय गरेको छ । स्वदेशी तथा विदेशी लगानीलाई आकर्षित गर्ने नीति लिएको छ । उत्पादन वृद्धि र रोजगारी सिर्जनाका निम्ति पनि अनुकुल आधार तयार पारेको छ भन्ने मेरो विश्वास छ । थाती रहेका कैयौँ समस्यालाई समाधान गर्ने दृष्टिकोण पनि बजेटले लिएको छ ।

**अहिले औसत खालको मात्रै बजेट आयो भनेर टिप्पणी भइरहँदा तपाईले हस्तक्षेप गर्न नखोजेको कि नसकेको ?**

सुधारका नाममा अन्धाधुन्ध हस्तक्षेप गर्ने कुरा भएन । आवश्यक ठाउँमा सही नीति निर्धारण गर्ने र सही नीति लिनका निम्ति बजेटले लिनपर्ने पहलकदमी लिएकै छ । विभिन्न नीतिगत सुधार भएका छन् । वैकल्पिक विकास वित्तको उपयोग नीति लिइएको छ । आयोजना व्यवस्थापन र खरिद प्रक्रियामा सुधार थालिएको छ । अर्को आर्थिक वर्ष कुर्ने नभई जेठ १६ गतेबाटै हामीले खरिद प्रक्रिया थाल्नसक्ने व्यवस्था गरेका छौँ । मितव्ययिता र खर्च कटौतीको नीतिले चालु खर्च सन्तुलनमा राख्ने अपेक्षा हामीले गरेका छौँ । सामाजिक सुरक्षा खर्च र स्वास्थ्य बीमालाई थप व्यवस्थित गरिएको छ ।

करका विषयमा बाहिरको बुझाई के थियो भन्नेकुरा मैले भन्न सक्दिन । कस्तो राजस्व नीति लिने भनेर धेरै थरिका सुझाव आएका थिए र सबैका सुझाव सुनेका पनि थियौँ । तर करका सन्दर्भमा अहिले जे निर्णय गरिएको छ, त्यसले राज्यप्रतिको करदाताको विश्वास बढाएको छ भन्ने मलाई लाग्छ ।

**यसपटकको बजेटमा तपाईलाई कस्ता राजनीतिक दवाव आए ? तपाईको बजेट राजनीतिक पूर्वाग्रही वा अनुशासित ?**

बजेट माथि जेजस्ता प्रतिक्रिया आएका छन्, ती सबै स्वागतयोग्य छन् । बजेट बनाउँदा राजनीतिक दवाव र सजिलो वा अप्ठ्यारोभन्दा पनि यथार्थपरक र अनुशासित भएर बजेट बनाउने कुरामा मेरो ध्यान केन्द्रित थियो । म त्यही हिसाबले अगाडि बढे । बजेट निर्माण दवावको कुरा होइन, औचित्यमा आधारित भएर गरिने कुरा हो । मैले कुनैपनि खालको दवाव महसुस गरिन । कतैबाट पनि दवाव थिएन र त्यसको अनुभव गर्न परेन । यद्यपि, बजेटलाई निरपेक्ष रूपले राजनीतिबाट अलग गर्न मिल्दैन । किनभने बजेटले मुलुकको संविधानलाई पछ्याउनुपर्छ । सरकारको नीति तथा कार्यक्रमलाई पछ्याउनुपर्छ । त्यसैअनुरुप बजेट आएको छ । त्यसकारण यसलाई राजनीतिबाट अलग भएर पूर्णरूपमा प्राविधिक ढङ्गले आएको भन्न मिल्दैन । तर बजेटका आधारभूत मान्यताको सीमाभित्र रहेर यो बजेट आएको छ ।

**आगामी आर्थिक वर्षको बजेटबाट निजी क्षेत्र त उत्साहित भयो तर सर्वसाधारण नागरिक केन्द्रमा परेनन् भन्ने गुनासो आयो नी ?**

लोकरिझ्याँईभन्दा पनि अहिले हामी राष्ट्रका आवश्यकतालाई प्राथमिकीकरण गर्नुपर्ने अवस्थामा थियौँ, चाहे आयोजनाको सन्दर्भमा होस् वा कार्यक्रमको सन्दर्भमा होस् । त्यहि अवस्थालाई ख्याल गरेर बजेट आएको छ । हामी सस्तो लोकप्रियताभन्दा पनि उत्पादन र उत्पादकत्व वृद्धि गर्ने, अर्थतन्त्रलाई चलायमान बनाउने, आर्थिक वृद्धिदर बढाउने र दिगो बनाउने कुराबाट बढी निर्देशित थियौँ । आर्थिक गतिविधि विस्तार हुने, निजी क्षेत्रको लगानी वृद्धि हुने, रोजगारीका अवसर वृद्धि हुने र पूर्वाधारका आयोजना निर्धारित समयमै सम्पन्न हुने कुराको प्रत्याभूति बजेटले गरेको छ । यसबाट लक्षित आर्थिक वृद्धि हासिल हुनेमा पनि म आशावादी छु ।

**बजेटमा परेका आयोजनाको प्राथमिकीकरण र छनौट अन्य वर्षभन्दा यसपटक कसरी फरक छ ?**

सङ्घीय सरकारले प्रस्तुत गर्ने र सङ्घीय संसद्ले पारित गर्ने योजना तथा कार्यक्रम ल्याइनुपर्छ भन्ने कुरा हरदम हेक्का राखेर काम गर्यौँ ।

सङ्घीय महत्वका दायित्वलाई केन्द्रमा राखेर बजेट निर्माण भयो । त्यसले गर्दा कतिपय प्रदेश र स्थानीय तहले गर्नुपर्ने काम सङ्घीय सरकारको बजेटको दायराभित्र पर्दैनन् भन्ने कुरामा पनि हामी सचेत थियौँ । बजेटमा रु तीन करोडभन्दा कम लागतका सङ्घीय आयोजना नराख्ने भनिएको छ । सङ्घ सरकारले मात्र होइन प्रदेश र स्थानीय तहले पनि सन्तुलित बजेट ल्याउनुपर्छ भनेर हामीले यो बजेटमा केही व्यवस्था राखेर स्पष्ट सन्देश दिएका छौँ ।

चालु आर्थिक वर्षभित्रै ठेक्का लगाउन सकिने आयोजनालाई हामीले तत्काल अघि बढाउने भनेका छौँ । बजेट निर्माण गर्ने अनि कार्यान्वयनको तयारी सुस्त भएर हुँदैन । बजेट कार्यान्वयनका निम्ति आजैदेखि लाग्नुपर्छ भन्ने मेरो आफ्नो बुझाइ हो । हामीले काम पनि त्यसरी नै गरिरहेका छौँ । हामी सुधारतर्फ फर्किएका छौँ । कतिपय काम बाँकी होलान्, तिनलाई आगामी वर्षमा हामी गर्दै जानेछौँ ।रासस

# गृहमन्त्रीको राजीनामा मागिनु निराधार र अनुचितः प्रधानमन्त्री



**काठमाडौँ ।**

प्रधानमन्त्री केपी शर्मा ओलीले एक जना कर्मचारीमाथि प्रश्न उठेकै भरमा प्रतिपक्षी दलले गृहमन्त्री रमेश लेखकको राजीनामा माग्नु निराधार र अनुचित भएको बताएका छन ।

कान्तिपुर मिडिया ग्रुपद्वारा आयोजित ‘हाफ म्याराथन’को शुभारम्भपछिको छलफलमा प्रधानमन्त्री ओलीले गृहमन्त्री लेखकमाथि कुनै आरोप नलागेको र कुनै निकायले छानबिन नगरेको अवस्थामा प्रतिपक्षी दलले असम्भव माग राखेर सदन अवरोध गर्न नहुने बताए ।

‘म प्रतिपक्षको बोल्ने र माग राख्न पाउने अधिकारको सम्मान गर्छु तर माग राख्दा वा विरोध गर्दा आधार चाहीँ चाहिन्छ । गृह मन्त्रालय मातहत धेरै कर्मचारी छन् । एउटा कर्मचारीलाई अख्तियारले बोलायो । बयान लिएको सुनेको छैन । प्रतिपक्षलाई त यो सरकार नै मन परेको छैन, उसले माग बढाएर सरकारकै राजीनामा मागे पनि अस्वभाविक मान्नुपर्दैन’, प्रधानमन्त्री ओलीले भने, ‘पोहोर तत्कालीन गृहमन्त्रीको राजीनामा मागिँदा उहाँमाथि गृह मातहतको सिआइबीले छानबिन गरिरहेको थियो । अहिले त्यस्तो अवस्था होइन त्यसकारण अहिले विरोध गर्न निहुँ नपाएर निहुँ खोजिएको मात्रै हो । यसरी विरोध गरिएको छ कि मानौँ ३५ किलो सुन नै ओसारिएको छ, त्यस्तो अवस्था होइन ।’ उनले बच्चाहरूले झोला वा खेलौना हात्ती किनिदेउभन्दा किनिदिन सकिने भए पनि सक्कली हात्तीलाई झोलामा हालिदेउभन्दा हाल्न नसकिएजस्तै विपक्षीले मागेअनुसार गृहमन्त्रीको राजीनामाको माग पूरा हुन सम्भव नहुने बताए ।

कुनै पार्टीभित्रका समस्या वैयक्तिक आकाङ्क्षा–धुरवीकरणहरू हुन सक्ने र त्यसका आधारमा विरोध आउन सक्ने भए पनि घर झगडा घरभित्रै गर्न तर आँगनमा निस्किएर छिमेकीलाई ‘डिष्टर्ब’ हुने गरी नगर्न प्रधानमन्त्री ओलीको आग्रह थियो ।

संसदमा प्रस्तुत बजेटका सन्दर्भमा सोधिएको प्रश्नमा प्रधानमन्त्री ओलीले बजेट यथार्थपरक र सम्भव हुने हिसाबले यस पटकको बजेट आएको जवाफ दिए । ‘हामीलाई त्यसै पपुलिष्ट हुनु छैन । राम्रा काम गर्नु छ । यथार्थभन्दा बाहिर गएर बजेट ल्याउनु भनेको अर्थतन्त्रलाई विनासको बाटोमा लाग्नु हो । गत वर्ष सात हजार आयोजनालाई विना आधार बढाइएको थियो । माइनस २४ प्रतिशतमा रहेको राजस्वलाई बढाएर ३० प्रतिशतमा लाने भन्ने निराधार प्रक्षेपण गरिएको थियो । हामी त्यस्तो गर्दैनौँ’, उनले भने, ‘हामीले पहिला पूर्वाधार विकासमा जोड दियौँ । पूर्वाधार विकासमा धेरै काम भएकाले अब सामाजिक सुरक्षा, सुशासन र विकासमा ध्यान दिएका छौँ ।’ प्रधानमन्त्री ओलीले खेल क्षेत्रले हरेक मानिसलाई जोड्ने र क्रियाशीलता बढाउने बताउँदै हाफ म्याराथनको आयोजनाका लागि कान्तिपुरलाई धन्यवाददिए ।रासस

# राष्ट्रियहित, परिवर्तन र समृद्धिलाई ध्यान दिएर अघि बढेमा एमालेको एकल बहुमत आउँछः प्रधानमन्त्री

**काठमाडौँ ।**

प्रधानमन्त्री एवं नेपाल कम्युनिष्ट पार्टी (एमाले)का अध्यक्ष केपी शर्मा ओलीले व्यक्तिगत महत्वाकाङ्क्षा नभई राष्ट्रियहित, परिवर्तन र समृद्ध नेपाललाई ध्यान दिएर अघि बढेमा आगामी निर्वाचनमा एमालेको एकल बहुमत आउने बताएका छन ।

नेपाल बुद्धिजीवी परिषद्को ११औँ राष्ट्रिय महाधिवेशनको शनिवार उद्घाटन गर्दै प्रधानमन्त्री ओलीले देशभित्र र बाहिरका अनेकथरी स्वार्थको टक्कर गर्नेहरुले मोर्चाबन्दी गरेर एमालेविरुद्धमा लागेर झण्डै दुई तिहाइमा पुगेको पार्टीलाई विभाजन गराए पनि त्यस स्थितिबाट अब पार्टी सुदृढ भइसकेको बताए ।

‘भविष्यमा पनि अयोग्य हुनेगरी प्रतिक्रियावादीहरुले मलाई साधारण सदस्यबाट पनि हटाएको घोषणा गरे । विचार र विकासको नायक पार्टीलाई सिध्याउँछु, धुलो चटाउँछु भने । यी सबै घेराबन्दी र मोर्चाबन्दीलाई पराजित गरेर एमाले फेरि मुलुकको लोकप्रिय पार्टी बन्यो’, अध्यक्ष ओलीले भने, ‘व्यक्तिगत महत्वाकाङ्क्षा छोडेर राष्ट्रिय हित र परिवर्तनको हित एवं समृद्ध नेपाललाई ध्यान दिएर अगाडि बढेमा एमालेको एकल बहुमत ल्याउन कसैले रोक्न सक्दैन । विभाजन हुँदा पनि हामी लोकप्रिय पार्टी बन्न सकेका छौँ । आज एमालेलाई सिध्याइदिन्छु र भित्तामा लगेर टाँसिदिन्छु भन्ने कसैको हैसियत छैन । त्यसकारण हामी मिसन २०८४ मा अघि बढेका छौँ । यसमा जो जहाँ छौँ, त्यहाँबाट योगदान गरौँ ।‘

उनले देशमा सङ्क्रमणकालमा रहेको र देशले सही निकास खोजिरहेकाले देशको परिस्थितिमा सुधारका लागि बुद्धिजीवीको भूमिका रहने भएकाले त्यसअनुसार सक्रिय हुन आग्रह गरे । प्रधानमन्त्री ओलीले सही कुराको समर्थन गर्दा कसैले झोले भनेर आलोचना गरे पनि परिवर्तन र जनताको झण्डा बोक्न नछोड्न आग्रह गरे ।

‘म एमालेको झोले हुँ । यतिभन्दा एमालेको विरोधीहरुलाई चित्त बुझ्छ होला । म यो झोलामा देश र जनताको परिवर्तनको चाहनालाई बोकेर हिँड्छु । यसमा मलाई गर्व छ’, अध्यक्ष ओलीले भने, ‘जेमा पनि खोट देख्ने तथा कथित आलोचनात्मक चेतबाट माथि उठ्नुस् । ढुक्क भएर राष्ट्रिय एकता र परिवर्तनको सही विचारलाई गौरवका साथ बोकेर हिँड्नुस् । तपाईंहरु बुद्धि बेचेर खाने वर्गमात्रै होइन, बौद्धिक वर्ग हो । देशलाई नोक्सान पार्ने र बेठिक गर्नेहरुको विरोध गर्नुस् । सही विचार बोक्नेहरुलाई अझ सुधारका लागि उपयुक्त सुझाव दिनुस् ।’

एमालेले राष्ट्रिय एकतालाई सर्वापरी ठान्ने स्पष्ट गर्दै उनले लोकतन्त्र र संविधानको रक्षा गर्नुपर्ने समयमा पृथ्वीपथका नाममा राजतन्त्र पुनःस्थापाको कुरा उठाउनु अप्रसाङ्गिक हुने टिप्पणी गरे ।

एमालेका वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेललगायत सहभागी कार्यक्रममा विभिन्न विधाका बुद्धिजीवीलाई सम्मान प्रदान गरिएको थियो ।रासस

# मुख्यमन्त्री आचार्यद्वारा समाजसेवाको भावना पुनःजागृत गर्न आह्वान

**लुम्बिनी ।**

लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले हराउँदै जान थालेको समाज सेवाको भावनालाई पुनःजागृत गर्न अभियान केन्द्रित गर्नुपर्ने आवश्यकता औँल्याएका छन ।

नेपाल रेडक्रस सोसाइटी लुम्बिनी प्रदेशको छैटौँ वार्षिक साधारणसभाको शनिवार बुटवलमा उद्घाटन गर्दै उनले समाज सेवाको भावना हराउँदै जाँदा मानवीय सेवासमेत कमजोर बन्ने जोखिम रहेको उल्लेख गरे ।

‘समाज सेवाको भावना कता–कता हराउँदै गइरहेको छ, आदर–सम्मानको भावना कता–कता हराउँदै गइरहेको छ’, उनले भने, ‘हामीले यसलाई जबसम्म पुनःस्थापित गर्न सक्दैनौँ, तबसम्म हामीमा रहने नैतिकता, आचरण र सद्भावका कुरा करिब–करिब मेटिँदै जान थालेका छन् ।’

मुख्यमन्त्री आचार्यले रेडक्रस अभियानलाई अझ व्यापक बनाउँदै समाज सेवाको भावना पुनःस्थापित गर्न जोड दिए । साथै विद्यालय–केन्द्रित कार्यक्रम सञ्चालन गरेर अभियानलाई जनस्तरसम्म पु¥याउन उहाँले आह्वान गरे । उनले लुम्बिनी प्रदेशलाई सबै खाले विपद्बाट सुरक्षित बनाउने गरी सरकारले विपद्प्रति कार्यको योजनालाई पहिलो प्राथमिकतामा राखेको जानकारी दिए ।

भूकम्प, बाढीपहिरो, आगलागी, चट्याङ, सवारी दुर्घटनालगायत विपद्बाट प्रदेशलाई सुरक्षित बनाउने रणनीतिअन्तर्गत सरकार योजनाबद्ध रूपमा अघि बढिरहेको उनको भनाइ थियो । ‘विपद्अघि, विपद्को बेलामा र विपद्पछि रेडक्रसको साथ रहने भएकाले यसको भूमिका अझ महत्वपूर्ण छ’, मुख्यमन्त्री आचार्यले स्मरण गराए ।रासस

# बजेट निर्माणका आधारभूत मूल्य मान्यता र सीमालाई अनुशरण गरी बजेट ल्याइएको छः अर्थमन्त्री पौडेल

**काठमाडौँ ।**

उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलले आगामी आर्थिक वर्ष २०८२÷८३ का लागि सरकारले ल्याएको बजेट निर्माणका क्रममा आधारभूत सिद्धान्त, मूल्यमान्यता र सीमालाई अनुशरण गरिएको बताएका छन ।

नेपाल आर्थिक पत्रकार सङ्घ (नाफिज) द्वारा शनिवार आयोजित बजेटपछिको छलफलमा उनले मेहिनतका साथ काम गरे राजस्व लक्ष्य पनि सहजै पूरा गर्न सकिने गरी निर्धारण गरिएको स्पष्ट पारे । अर्थमन्त्री पौडेलले भने, ‘कहाँबाट आम्दानी हुन्छ, कति हुन्छ, त्यसको कहाँ र कसरी खर्च हुन्छ भन्ने सबै स्पष्ट छ । आन्तरिक ऋण पनि राष्ट्रिय वित्त आयोगले दिएको सुझावभित्र रहेर प्रक्षेपण गरिएको छ ।’

अन्तरराष्ट्रियस्तरबाट प्राप्त हुनसक्ने सहयोग सीमाको पाटोलाई पनि हेक्का राखेर बजेट निर्माण गरिएको बताउँदै उनले स्रोत अनुमान ठीकै रहेको प्रतिक्रिया पाएकाले त्यसलाई प्रभावकारी परिचालनबाट पूरा गर्न सकिने दाबी गरे । उपप्रधानमन्त्री पौडेलले भने, ‘बजेट प्रभावकारी कार्यान्वयनबाट आर्थिक वृद्धिदरलाई प्राप्त गर्न सकिन्छ । बजेटलाई सहकारी क्षेत्रको महत्वलाई बुझेर समस्या समाधानमा केन्द्रित गरिएको छ । युवालाई नवप्रवर्तनका माध्यमबाट अघि बढाउन स्पष्ट र सशक्त पहल गरिएको छ । अब पूर्वाधार निर्माण समयमै पूरा गर्न र गुणस्तर कायम गराउन विशेष ध्यान दिइने छ ।’

पूर्वअर्थमन्त्री जनार्दन शर्माले विगतको निरन्तरताका रूपमा ल्याइएको बजेटले अर्थतन्त्र सुधार र नागरिकको जीवनमा समृद्धि दिलाउन नसक्ने जिकिर गरे । उनले भने, ‘नीतिगत र स्रोत व्यवस्थापनका हिसाबले विगतको निरन्तरतामा बजेट आएको छ । आर्थिक वृद्धिदर बढाउने कार्यक्रम देखिएको छैन । स्रोतको ठूलो दबाबमा बजेट छ । बजेटमा उल्लेख गरेको वैदेशिक लगानी र सहयोग कसरी जुटछ ? किसान र हाम्रा स्रोतसाधन जोड्ने कार्यक्रम बजेटमा कहाँ छ ?’

आर्थिक क्षेत्रको महत्वपूर्ण निजी क्षेत्र उत्साहित हुनु आफैँमा सकारात्मक रहेको बताउँदै पूर्वअर्थमन्त्री शर्माले युवा र श्रम परिचालनको विषय नबोलिएकाले युवा आकर्षण र रोजगारी दिने विषय बजेटमा नपरेको दाबी गरे । ‘सत्तामा होइन, आर्थिक विकास र समृद्धिका एजेण्डामा राष्ट्रिय सहमति जुटाउनु पर्नेछ । मुलुकलाई विकास र समृद्धिमा लैजान समग्रतामा पुनःसंरचनाको खाँचो छ’, उनले भने ।

राष्ट्रिय योजना आयोगका उपाध्यक्ष प्रा डा शिवराज अधिकारीले बजेट कार्यान्वयनमा प्रमुख प्रतिपक्ष दल र निजी क्षेत्रले दिएका सुझावलाई आत्मसात गर्ने विश्वास दिलाए । उनले भने, ‘विगतमा अन्तरमन्त्रालयबीच सहयोग र समन्वय हुन नसक्दा बजेट कार्यान्वयनमा समस्या देखिएकामा त्यसमा सुधारको प्रयत्न गरिएको छ । त्यसैले पुँजीगत खर्च सहजै बढने अनुमान गरिएको छ, युवा लक्षित बजेट भएकाले उनीहरूलाई उत्प्रेरित र योगदानलाई उजागर गर्ने काम भएको छ ।’

नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष चन्द्रप्रसाद ढकालले प्रविधि र पर्यटनलाई प्राथमिकतामा राखेर बजेट आएकाले व्यापार र उद्योग क्षेत्रलाई प्रोत्साहन गर्ने देखिएकाले निजी क्षेत्रले स्वागत गरेको बताए । नेपालीलाई विदेशमा लगानी गर्न दिने विषय निकै महत्वपूर्ण र ऐतिहासिक रहेको भन्दै उनले महासङ्घले दिएका सुझाव अधिकांश समेटिएको प्रतिक्रिया दिए ।

अध्यक्ष ढकालले भने, ‘वातारणलाई नबिगारी सबै प्रक्रिया पूरा गरी खनिज र नदीजन्य पदार्थको प्रयोग गर्ने कुरा देश र जनताको हितमै छ । लगानी बोर्डलाई शक्तिशाली बनाइएको छ, ऊर्जा क्षेत्रलाई प्राथमिकता दिने र हवाई टिकटमा भ्याट हटाउने विषयलाई सरकारले ध्यान दिनुपर्छ ।’

नेपाल चेम्बर अफ कर्मसका अध्यक्ष कमलेशकुमार अग्रवालले अफ्ठ्यारो परिस्थितिमा आएको बजेट विकासमुखी र महत्वकांक्षी हुनुका साथै आइटी र प्रविधिलाई ध्यानमा राखिएको भन्दै सराहना गरे । उनले ठूला राष्ट्रबाट आउने अनुदानमा कमी आउने देखिँदा अर्थतन्त्रमा असर पर्न गई व्यवसायमा सङ्कुचन आउन सक्नेतर्फ विचार गरी पुनःकर्जाका व्यवस्था गर्न सुझाव दिए ।

नेपाल उद्योग परिसङ्घका पूर्वअध्यक्ष विष्णु अग्रवालले लगानीमैत्री वातावरण र निजी क्षेत्रको मनोबल उठाउने ढङ्गबाट बजेट ल्याइएको बताए । उनले भने, ‘उद्योगी व्यवसायीको मनोबल उकास्ने र लगानी आकर्षित गर्ने किसिमबाट बजेट आएको छ, बजेटले सम्भावनाका क्षेत्र कृषि, ऊर्जा, पर्यटन र आइटी क्षेत्रलाई पहिचान गरेको छ ।’

नेपाल निर्माण व्यवसायी महासङ्घका अध्यक्ष रवी सिंहले आगामी आर्थिक वर्ष २०८२÷८२ को बजेट समूह लक्षित नभई समग्रमा सबै क्षेत्रलाई समेटेको बताए । अटो मोबाइल एशोसिएशन अफ नेपाल (नाडा) का अध्यक्ष करण चौधरीले बजेटले मुलुकको अर्थतन्त्रलाई उजागर गर्ने उद्देश्य बोकेकाले सकारात्मक आएको बताए ।

स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था, नेपाल (इपपान) का अध्यक्ष गणेश कार्कीले उद्योग व्यवसायका लागि जग्गाको हदबन्दी छुट दिने, जलाशययुक्त आयोजना निर्माण गर्ने गरी आएको बजेट निजी क्षेत्रमैत्री रहेको प्रतिक्रिया दिए । नेपाल राष्ट्र बैंकका कार्यकारी निर्देशक गुरुप्रसाद पौडेलले चालु आवको बजेट महत्वकांक्षी भए पनि भड्काउ खालको नरहेको प्रतिक्रिया दिए । उनले देशको अर्थतन्त्र उकास्न प्रविधिको उपयोगका साथै वित्तीय क्षेत्रमा असल अभ्यास सुरु गर्ने जमर्को भएको बताए ।

अर्थविद् तथा योजना आयोगका पूर्वसदस्य डा रमेश पौडेलले शिक्षा र स्वास्थ्यका क्षेत्रमा अझ बढी विनियोजन गर्न सक्नेतर्फ बजेट निर्माताहरूले ध्यान पु¥याउन नसकेको जनाउँदै बजेट कार्यान्वयन गर्ने जिम्मेवारी निजी क्षेत्रको भएको धारणा राखे ।

आयोजक संस्था नाफिजका अध्यक्ष मेनुका कार्कीले निजी क्षेत्रले बजेटको स्वागत गरेजस्तै कार्यान्वयनमा पनि सरकारलाई सघाउनपर्नेमा जोड दिईन । संवैधानिक व्यवस्थाअनुसार सरकारले यही जेठ १५ गते रु १९ खर्ब ६४ अर्ब ११ करोडको बजेट सङ्घीय संसद्मा प्रस्तुत गरेको थियो ।रासस

# खोल्साको टिम्मुरबाट आम्दानी

**म्याग्दी ।**
म्याग्दीका किसानले ख्यालख्यालैमा सुरु गरेको टिम्मुरखेती यहाँका किसानहरूको लोभलाग्दो आम्दानीको माध्यम बन्दै गएको छ । यहाँका गाउँमा किसानले कतै बिरूवा उमारेर टिम्मुरखेती गरेका छन् भने कतै खोल्साखाल्सी, पाखो र खेती नहुने ठाउँमा प्राकृतिक रूपमा उम्रेका बिरूवा र बोटहरूको संरक्षण गरी आम्दानी गरिरहेका छन् ।

आयुर्वेदिक चिकित्सामा टिम्मुरलाई धेरै रोगको औषधि मानिन्छ । यसको अचारले खानाका परिकारलाई स्वादिष्ट बनाइदिन्छ । त्यसैले बजारमा टिम्मुर प्रतिकिलो आलोमा तीन सयदेखि पाँच सय रुपैयाँ र सुकाएको एक हजार पाँच सय रुपैयाँ देखि दुई हजार रुपैयाँसम्म बिक्री हुने गर्दछ ।



यस्तो बहुउपयोगी टिम्मुरको महत्व बुझेपछि यहाँका किसानले व्यावसायिक रूपमा नै टिम्मुरखेती सुरु गरेका हुन् । पाखो जग्गामा मात्रै होइन खेतीयोग्य जग्गामा समेत टिम्मुर लगाएका कृषकले टिम्मुरको फल बिक्री गरेर वार्षिक दुई लाख रुपैयाँदेखि सात लाख रुपैयाँसम्म आम्दानी गर्दै आएका कृषि प्राविधिकहरूले बताएका छन् । जिल्लाका सबैजसो स्थानीय तहमा टिम्मुरखेती हुन्छ । यहाँका मालिका, मङ्गला, अन्नपूर्ण, धौलागिरि र रघुगङ्गा गाउँपालिकाका लेकाली तथा बेसी क्षेत्र र बेनी नगरपालिका— ३ भकिम्ली, वडा नं ९ घतान, तोरीपानी र वडा नं १० पात्ले खेतलगायत ठाउँमा व्यावसायिक रूपमा टिम्मुरखेती गरिएको डिभिजन वन कार्यालयले जनाएको छ ।

कार्यालयका सहायक वन अधिकृत एवं टिम्मुरविज्ञ चन्द्रमणि सापकोटाले टिम्मुरखेती यहाँका कृषकहरूको लागि आम्दानीको माध्यम बन्दै गएको बताए । उनका अनुसार जिल्लामा वार्षिक करिब तीन हजार केजी टिम्मुर उत्पादनको सम्भावना रहेको छ ।

टिम्मुरखेतीको व्यावसायिक उत्पादन गरिरहे अगुवा कृषक लालबहादुर घर्तीले टिम्मुर 'चिन्नेलाई श्रीखण्ड नचिन्नेलाई खुर्पाको बिँड' लोकोक्तिसँग मिल्ने महत्वपूर्ण वनस्पति भएको बताउउछन । उनले नर्सरी स्थापना गरेर टिम्मुरका बिरूवा बिक्री गर्दै आएका छन । टिम्मुर बिक्री गरेर गतवर्ष चार लाख ८६ हजार रुपैयाँ आम्दानी गरेकाघर्तीले यसवर्ष टिम्मुरखेती विस्तार गरेको बताए ।

डिभिजन वन कार्यालयका अनुसार जिल्लामा २० वटा समूह गठन गरी टिम्मुरखेती विस्तार भइरहेको छ । जेठमा फल लाग्न सुरू हुने यो वनस्पति भदौ–असोजमा पाक्ने गर्छ र टिपेर सुकाएपछि बिक्रीका लागि योग्य हुन्छ ।

म्याग्दीमा वार्षिक पाँच हजार किलो टिम्मुरको माग भए पनि तीन हजार किलो मात्र उत्पादन हुने अनुमान गरिएको डिभिजन वन कार्यालयले जनाएको छ । यहाँको टिम्मुर विदेशमा समेत निर्यात हुने गरेको छ ।रासस

# गाउँपालिकाको नामकरण गरिएको ताल नै सङ्कटमा

**बर्दिया ।**
जिल्लाको पर्यटकीय सम्भावनायुक्त बढैया ताल संरक्षणको अभावमा ओझेलमा पर्दै गएको छ । यसको संरक्षणका लागि सरोकार भएकाहरूले ध्यान दिन सकेका छैनन्, जसको फाइदा उठाउँदै अतिक्रमण गर्दा तालको अस्तित्व नै सङ्कटमा पर्न थालेको स्थानीयको बुझाइ छ ।

बढैयाताल गाउँपालिका–५ मा अवस्थित यो ताल बर्दियाको पुराना र ठूला तालहरूमध्ये एक हो । विसं २०६५ मा नापी कार्यालय बर्दियाले गरेको सीमाङ्कनअनुसार १०७ बिघा चार कट्ठा १७।५ धुर क्षेत्रफलमा ताल फैलिएको छ । यही तालबाट गाउँपालिकाको नामकरण गरिएको हो । हाल सोही ताल सङ्कटमा पर्नु दुःखद भएको स्थानीय कर्णबहादुर थापाको भनाइ छ ।

गाउँपालिका–४ का पूर्ववडाध्यक्ष थापाका अनुसार यहाँ पछिल्ला छ÷सात वर्षदेखि चराको सङ्ख्या उल्लेख्य रूपमा घटेको छ । प्लास्टिक प्रदुषणसँगै लुकिछिपी गरिने चराचुरुङ्गीको सिकारले विदेशी चराहरूको आगमनमा कमी आएको छ ।

ताल वरपर प्लास्टिकका बोतल, सिसाका टुक्रा र अन्य फोहरजन्य सामग्री यत्रतत्र देखिन्छन् । एक समय सयौँ प्रजातिका चराचुरुङ्गीहरूको सुरक्षित बासस्थानका रूपमा चिनिने यो तालमा हाल साइबेरियादेखि आउने पाहुना चराहरू आउन छोडेका वडा नं ५ का पूर्ववडासदस्य रामकुमार विकले बताए ।वडा नं ५ का अध्यक्ष तुलाराम चौधरी ताल वरपरको सार्वजनिक जमिन भूमाफियाले अतिक्रमण गर्न थालेका र यसविरुद्ध आवाज उठाउँदा आफूहरूलाई नै मुद्दा झेल्नुपरेको गुनासो गरे । 'अख्तियार दुरुपयोग अनुसन्धान आयोग, लुम्बिनी प्रदेश सम्पर्क कार्यालय नेपालगञ्ज, नापी कार्यालय र मालपोत कार्यालय बर्दियाले संयुक्त अनुगमन गर्दा दाबी गरिएको जग्गा ताल क्षेत्रमा नरहेको प्रमाणित भइसकेको छ', उनले भने ।

वडाध्यक्ष चौधरीले तालको संरक्षण तथा प्रवद्र्धनका लागि स्थानीय, प्रदेश र सङ्घीय सरकारले स्पष्ट नीतिसहित काम गर्नुपर्ने बताए । 'जुन तालको नामबाट गाउँपालिकाको नामकरण भएको छ, त्यही तालको संरक्षण गर्न नसकेको भनेर जनस्तरमा आलोचना भइरहेको छ । यो हामी सबैका लागि लाजमर्दो कुरा हो । अब गाउँपालिकाले नै संरक्षणका लागि पहल गर्नुपर्छ र यसमा अरू सबै सरोकार भएका निकायले सहयोग गरी पर्यापर्यटन विकासका लागि योजना अगाडि बढाउनुपर्छ', उनले भने । रासस

# चीनले एसियामा सैन्य बल प्रयोग गर्ने 'तयारी' गरिरहेको पेन्टागन प्रमुखको दाबी

**सिङ्गापुर**
अमेरिकी रक्षामन्त्री पीट हेगसेथले एसियामा शक्ति सन्तुलन बिगार्न चीनले सैन्य बल प्रयोग गर्ने 'तयारी' गरिरहेको चेतावनी दिँदै अमेरिका हिन्द–प्रशान्त क्षेत्रमा 'रहिरहन' तयार रहेको बताएका छन ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको प्रशासनले व्यापार, प्रविधि र विश्वका रणनीतिक कुनाहरूमा प्रभावका विषयमा बेइजिङसँग छलफल गरिरहेका बेला अमेरिकी रक्षा मन्त्रीले सिङ्गापुरमा आयोजित वार्षिक सुरक्षा मञ्चमा उक्त टिप्पणी गरेका छन ।

जनवरीमा पदभार ग्रहण गरेदेखि ट्रम्पले चीनसँग दण्डनीय व्यापार युद्ध सुरु गर्नुभएको छ, प्रमुख एआई टेक्नोलोजीहरूमा चीनको पहुँचलाई रोक्न खोज्नुभएको छ र बेइजिङसँग क्षेत्रीय मुद्दामा विवादमा रहेका फिलिपिन्सजस्ता सहयोगीहरूसँग सुरक्षा सम्बन्धलाई गहिरो बनाएका छन ।

विश्वभरका रक्षा अधिकारीहरूको सहभागिता रहेको साङ्ग्रिला संवादमा हेगसेठले भने, 'चीनले खडा गरेको खतरा वास्तविक हो र यो तत्काल हुन सक्छ ।'

'इन्डो–प्यासिफिक क्षेत्रमा शक्ति सन्तुलन परिवर्तन गर्न सम्भावित सैन्य बल प्रयोग गर्ने तयारी बेइजिङले गरिरहेको छ,' उनले भने ।

हेगसेथले चिनियाँ सेनाले ताइवानमाथि आक्रमण गर्ने क्षमता निर्माण गरिरहेको र 'वास्तविक सम्झौताका लागि पूर्वाभ्यास' गरिरहेको चेतावनी दिए ।

बेइजिङले ताइवानमाथि सैन्य दबाब बढाएको छ र टापुको वरिपरि धेरै ठूला अभ्यासहरू गरेको छ, जसलाई प्रायः नाकाबन्दी वा आक्रमणको तयारीको रूपमा वर्णन गरिन्छ ।

हेगसेठले संयुक्त राज्य अमेरिका 'साम्यवादी चीनको आक्रामकतालाई रोक्नको लागि पुनः उन्मुख भइरहेको' बताउँदै एशियामा रहेका अमेरिकी सहयोगी र साझेदारहरूलाई बढ्दो खतराको सामना गर्दै आफ्नो प्रतिरक्षालाई द्रुत रूपमा सुधार गर्न आह्वान गरे । एएफपी

# जैमिनीमा एक सय ४० रोपनी बाँझो जग्गामा केराखेती

**बागलुङ ।**
बागलुङको दक्षिण भेगमा रहेको जैमिनी नगरपालिकाको कुश्मिसेरा क्षेत्र केराखेतीले प्रसिद्ध छ । हाल जिल्लाका बजारमा यही क्षेत्रको अधिकांश केरा आउने गरेको बताइन्छ ।नगरपालिकाले कुश्मिसेरा क्षेत्रलाई केराको हब बनाउने उद्देश्यसहित बाँझो जग्गा उपयोगको नीति लिएको छ । त्यसका लागि चालु आर्थिक वर्षमा 'सेरा जाऔँ, केरा खाऔँ' नीति तथा कार्यक्रम कार्यान्वयनमा ल्याइएको छ । उक्त कार्यक्रममार्फत १२ लाख रुपैयाँ लागतमा १४० रोपनी जग्गामा तीन हजार पाँच सय केराका बिरुवा लगाउने लक्ष्य छ । सोअनुसार ७० प्रतिशत प्रगति भइसकेको वडा नं १ का अध्यक्ष विष्णुप्रसाद आचार्यले जानकारी दिए ।



हाल वडा नं १ कुश्मिसेराको १४० रोपनी जग्गामा केराखेती विस्तारको काम भइरहेको छ । कुश्मिसेरामा उत्पादन हुँदै आएका स्थानीय जातको केरालाई नगरपालिकाले केरा पकेट क्षेत्रको रूपमा विकास गरेको वडाध्यक्ष आचार्यले बताए ।

कुश्मिसेराको फलाटे, भडारे र बिनामारेको केही स्थानमा धमाधम केराखेती विस्तार भइरहेको छ । वडाध्यक्ष आचार्यले भने,'पछिल्लो समय केराबाट यहाँका किसानले लाभ उठाउँदै आएका छन् । नगरपालिकाले यसमा प्रोत्साहन गर्दा बाँझो जग्गा सदुपयोग भएको छ । आगमी दिनमा केरा विस्तारको कार्यक्रम निरन्तर सञ्चालन गरिने छ । धेरै मेहिनत गर्न नपर्ने तर नगद आम्दानी हुने भएकाले पनि यहाँका किसान यसतर्फ आकर्षित भइरहेका छन् । आर्थिक उपार्जन पनि राम्रै छ ।'

स्थानीय मतिप्रसाद शर्माले यहाँ किसानले केराखेतीबाट वार्षिक लाखौँ रकम भित्र्याउँदै आएको बताए । काँचो केरालाई होलसेलमा प्रतिदर्जन ७० रुपैयाँमा बिक्री भइरहेको उनले जानकारी दिए । पाँच रोपनी जग्गामा केराखेती गर्दै आएका शर्माले केरा पकटे क्षेत्र विस्तारअन्तर्गत तीन रोपनी जग्गामा केराखेती विस्तार गरिएको बताए ।

'फलाटे कृषक समूहअन्तर्गत अन्य किसानलाई केरा विस्तारमा सघाउँदै आएको छु । १२ लाख रुपैयाँ बजेटबाट बिरुवा खरिद, खाल्टो खन्न र बिरुवा लगाउन ५० प्रतिशत सुविधा किसानलाई दिइएको छ । एउटा खाल्टो तयार गर्न एक सय ५०रुपैयाँ , बिरुवा खरिद गर्न ३० रुपैयाँ र रोप्न ३० रुपैयाँ निर्धारण गरिएको छ', शर्माले भने ।

यस्तै, सिँचाइ पूर्वाधारका लागि फलाटे कृषि समूहले ८५ प्रतिशत अनुदानमा सिँचाइको व्यवस्था मिलाएको छ । स्थानीय जातको केराखेती विस्तार र सिँचाइ पूर्वाधारमा नगरपालिकाको १२ लाख रुपैयाँ लगानी भए पनि किसानको श्रमदान जोड्दा १८ लाख रुपैयाँ पुगेको नगरपालिकाको कृषि शाखा प्रमुख सुवास सापकोटाले जानकारी दिए । फलाटे, भडारा र साना किसान समूहमा विमानमारे एक सय ४० रोपनी क्षेत्रफलमा बाँझो जग्गा सदुपयोग गरेर केराखेती विस्तार भइरहेको उनले बताए ।

केराखेती विस्तार गर्नेमा पहिलो चरणमा ५० भन्दा बढी किसान रहेका छन् । भाडारा, फलाटे, बिनामारे, वडारे, टार, टुनीवोट, खौरीकेस, मिरिघार र खौलालगायत गाउँमा खेराखेती विस्तार गरिएको छ', सापकोटाले भने,'समुन्द्री सतहबाट छ सय मिटर मात्रै उचाइ रहेकाले जैमिनीघाट र कुश्मीसेरामा केराखेतीका लागि उपयुक्त हावापानी छ । वडा नं १ का एक हजारभन्दा बढी किसानले व्यावसायिक केराखेती गरेका छन् ।'

यहाँका किसानले 'रामरेखा लोकल', 'झापाली मालुवा' र 'जी ९' जातका केराको व्यावसायिक उत्पादन गरिरहेका छन् । रासस

# कजाकिस्तानमा भेटियो दुर्लभ धातुको अब उत्खनन्को चरणमा

**काठमाडौं ।**
मध्य एसियाली देश कजाकिस्तानमा एउटा यस्तो चिज भेटिएको छ, जसले देशलाई धनी बनाउन सक्छ ।



वास्तवमा दुर्लभ पृथ्वी धातुहरूको सबैभन्दा ठूलो भण्डार कजाकिस्तानमा फेला परेको छ। यो मानिन्छ कि यसमा १ लाख टन तत्वहरू छन्। यो धातु भविष्यको अर्थतन्त्रका लागि महत्त्वपूर्ण मानिन्छ।

जसको उत्खनन प्रक्रिया सुरू हुन लागेको छ ।

रिपोर्टका अनुसार दुर्लभ पृथ्वी धातुहरूमा १७ कच्चा पदार्थ रहेका छन । यो हरित ऊर्जा को लागी धेरै महत्त्वपूर्ण छ। साथै, चीन, रुस, अमेरिका र युरोपमा यसको ठूलो माग रहेको छ। कजाकस्तान उद्योग मन्त्रालयका प्रवक्ताले भने कि 'यो कजाकिस्तानमा फेला परेको सबैभन्दा ठूलो सम्पत्ति हो।'

यो निक्षेप कजाकिस्तानको कारागान्डा क्षेत्रमा फेला परेको हो। यसमा सेरियम, लैंथेनम, नियोडिमियम र यट्रियम समावेश छ। युरोपेली संघ–मध्य एशिया शिखर सम्मेलन अघि यो खोज घोषणा गरिएको हो ।

यस क्षेत्रमा ईयू, रुस, चीन र टर्कि आफ्नो प्रभाव बलियो बनाउन चाहन्छन् र एक अर्काको प्रभुत्व हटाउन चाहन्छन्। सम्मेलनमा मध्य एसियाका पाँच देश काजकिस्तान, किर्गिस्तान, ताजिकिस्तान, तुर्कमेनिस्तान र उज्वेकिस्तानका नेता सहभागी हुनेछन् । यससँगै युरोपेली आयोगका अध्यक्ष उर्सुला भोन डेर लेयन र युरोपेली परिषद्का अध्यक्ष एन्टोनियो कोस्टा पनि सहभागी हुनेछन् ।कजाकस्तानको उद्योग मन्त्रालयले अनुमान गरेको छ कि नयाँ साइटमा स्रोतहरूको सम्भावित मात्रा २० मिलियन टन भन्दा बढी हुन सक्छन् । उद्योग मन्त्रालयका अनुसार प्रमाणीकरण र थप अनुसन्धान गरिएमा कजाकिस्तानको अवस्था परिवर्तन हुनेछ। 'यसले भविष्यमा कजाकिस्तानलाई उच्च दुर्लभ पृथ्वी धातु भण्डार भएका देशहरूमा राख्न सक्छ,' मन्त्रालयले भन्यो।

यो उल्लेखनीय छ कि इयु २०५० सम्म कार्बन तटस्थता हासिल गर्न चाहन्छ। त्यसैले यस क्षेत्रमा दुर्लभ धातुहरू र प्राकृतिक स्रोतहरूमा रुचि राखिरहेको छ ।कजाकिस्तानसँग आवश्यक प्रविधि छैन। त्यसैले उ विदेशी लगानीको खोजीमा रहेको छ भने अन्य देशहरूले यसलाई अवसरको रूपमा हेरिरहेका छन्। अब यो दुर्लभ धातुको भण्डारको के हुन्छ भनेर समयले बताउने छ ।एजेन्सी

# श्रीलङ्कामा खराव मौसमबाट छ हजार प्रभावितः ५० हजारभन्दा बढी ऊर्जा कटौतीको मारमा

**कोलम्बो ।**
विपद् व्यवस्थापन केन्द्रको पछिल्लो रिपोर्टअनुसार शनिबारसम्म श्रीलङ्कामा खराब मौसमबाट करिब छ हजार मानिस प्रभावित भएका छन् ।

खराब मौसमका कारण एक हजार ५७९ परिवारका पाँच हजार ९७४ जना प्रभावित भएको र एक हजार ५४५ घर आंशिक क्षति पुगेको केन्द्रले जनाएको छ ।

यसैबीच, श्रीलङ्काको सिलोन विद्युत समितिले मुलुकभर भारी मनसुनी वर्षा र तीव्र हावाका कारण ५० हजारभन्दा बढी जनसङ्ख्या विद्युत कटौतीका कारण प्रभावित भएको जनाएको छ । मौसम विभागले शनिबार ३० देखि ४० किलोमिटर प्रति घण्टाको गतिमा भारी वर्षा र तीव्र हावाको पूर्वानुमान गरेको छ, जुन आगामी २४ घन्टासम्म जारी रहनेछ ।

विभागले आँधीको समयमा हुने क्षति कम गर्न आवश्यक सावधानी अपनाउन पनि नागरिकहरूलाई सुझाव दिएको छ । सिन्हा

# दुई हजार भन्दा बढी अफगान परिवार स्वदेश फिर्ता

**काबुल ।**
बिहीबार र शुक्रबार नौ हजार २८८ सदस्यसहित कुल दुई हजार २०२ अफगान परिवारहरू छिमेकी मुलुक इरान र पाकिस्तानबाट घर फर्केको अफगानिस्तानको सर्वोच्च आयोगले जनाएको छ ।

आयोगले फर्कनेहरूको समस्या सम्बोधन गर्न सरकार प्रतिवद्ध रहेको शनिबार जनाएको छ । आयोगले स्वदेश फर्कनेहरूलाई अस्थायी शरण, खाना, पानी, चिकित्सा सेवा र यातायात सेवाहरू प्रदान गर्नेगर्छ ।

करिब ७० लाख अफगान शरणार्थीहरूमध्ये अधिकांश कागजात विहीन आप्रवासीहरू हाल विदेशमा बसिरहेका छन्, जस मध्ये अधिकांश इरान र पाकिस्तानमा रहेका छन् । सिन्हा

# प्रदेशस्तरीय राष्ट्रपति रनिङ शिल्डका लागि ७० खेलाडी छनोट



**बैतडी ।**
सुदूरपश्चिम प्रदेशस्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताका लागि बैतडीबाट खेलाडी छनोट गरिएका छन् । हालै पुर्चौडी नगरपालिकामा सम्पन्न १५ औँ जिल्लास्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताको आयोजना गरेर ७० खेलाडी छनोट गरिएका हुन् । बैतडी जिल्ला खेलकुद समितिका कार्यालय प्रमुख तर्कराज जोशीका अनुसार जिल्लास्तरीय प्रतियोगितामा उत्कृष्ट प्रदर्शन गरेका आधारमा खेलाडी छनोट गरिएका हुन् । छनोट हुने खेलाडीमा छात्र र छात्रा भलिबलमा नौ/नौ, कबड्डी छात्र र छात्रामा नौ/नौ, एथ्लेटिक्समा छात्र र छात्रा गरेर ११/११ जना र कराँतेमा छ/छ खेलाडी छनोट भएका छन् ।

पुर्चौडीमा सम्पन्न जिल्लास्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा दशवटै स्थानीय तहको सहभागिता रहेको थियो । छनोट भएका खेलाडीले प्रदेशस्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताका जनाउने जिल्ला खेलकुद समितिका अध्यक्ष चमनकुमार भण्डारी जानकारी दिए । प्रदेशस्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता यही महिना हुने भनिए पनि मिति भने तय भएको छैन ।रासस

# बाढीले निर्माणाधीन 'एसियन हाइवे'का तीन डाइभर्सन बगायो



**झापा ।**
स्तरोन्नति भइरहेको पूर्वपश्चिम राजमार्गको पूर्वीखण्डमा गए रातिको अविरल वर्षापछिको बाढीले निर्माणाधीन 'एसियन हाइवे' का तीन वटा डाइभर्सन बगाएको छ ।

बाढीले बगाएका तीनवटै डाइभर्सन मेचीनगर नगरपालिका क्षेत्रका हुन् । काँकडभिट्टा–लौकही सडक योजना कार्यालय (पूर्वी खण्ड) का आयोजना प्रमुख इञ्जिनियर सुनिलबाबु पन्तका अनुसार मेचीनगरको काँकडभिट्टास्थित कालीखोला, धुलाबारीको ढुकुरे खोला र चारआलीको 'एनिमल अन्डरपास' को डाइभर्सन बाढीले बगाएको हो ।

डाइभर्सन बगेपछि शनिवार बिहानदेखि पूर्वपश्चिम राजमार्गमा यातायात अवरुद्ध भएको थियो । बिहान ११ बजेसम्ममा चारआलीको 'एनिमल अन्डरपास' बाहेक कालीखोला र ढुकुरे खोलाको डाइभर्सन मर्मत सम्भार गरेर यातायात चल्न सक्ने बनाइएको उनले जानकारी दिए ।

'एनिमल अन्डरपासको डाइभर्सनमा धमाधम मर्मत सम्भारको काम भइरहेको छ', उनले भने, 'काँकडभिट्टा र धुलाबारीको डाइभर्सन मर्मत सम्भार गरिसकिएको छ, डाइभर्सन माथिबाटै गाडी चल्न थालिसकेका छन् ।' कालीखोलामा पुरानो पुल भत्काएर पक्की पुल निर्माण भइरहेको थियो । ढुकुरे खोलाको पुरानो कल्भर्टलाई विस्थापित गर्दै नयाँ कल्भर्ट बनिरहेको थियो । चारआलीको जङ्गल क्षेत्रमा वन्यजन्तु ओहोरदोहोरका लागि उपयुक्त हुने 'एनिमल अन्डरपास' निर्माणाधीन अवस्थामा रहेको छ ।

तीनै स्थानमा साँघुरो डाइभर्सनबाट यातायात सञ्चालन हुँदै आएको थियो । राजमार्गमा यातायात अवरुद्ध भएपछि ट्राफिक प्रहरीले राजमार्गसँग जोडिएका सहायक सडकमा घुमाएर लामो तथा छोटो दुरीको यातायात सञ्चालनको व्यवस्था मिलाएको थियो । यसवर्ष मनसुनी वर्षा अनुमान गरिएभन्दा १५ दिन अगावै सुरु भएकाले पूर्वयोजना अनुरुप डाइभर्सनलाई सुदृढ बनाउन नभ्याइएको आयोजना प्रमुख पन्त बताउछन ।

'बाढीले आवतजावतमा अवरोध नपु¥याओस् भनेर निर्माणको ठेक्का लिएको कम्पनीलाई छिटो कल्भर्टको काम सक्कुप¥यो र पुल निर्माणाधीन रहेको स्थानमा बलियो डाइभर्सन बनाउन पर्यो भनेर धेरै पहिलेदेखि हामीले निर्देशन र परिपत्र दिदै आएका थियौँ', उनले भने, 'तर, सोचेभन्दा अगावै मनसुन सुरु भयो, बाढीको पानी थेग्न सक्ने डाइभर्सन बनाउने योजना पूरा नगर्दै ठूलो पानी परिहाल्यो ।' उहाँले आजै सबैतिर सहज यातायात सञ्चालन हुने गरी डाइभर्सनको मर्मत सम्भार गरिने र आगामी १५ दिनभित्र सबै कल्भर्टमाथि दुई लेनबाट गाडी गुड्ने वातावरण बनाइने बताउनुभयो । कालीखोला र भालुखोलाको पुरानो पक्की पुल भत्काइएको हुँदा त्यसस्थानमा नयाँ पुल बनाइसक्न समय लाग्ने देखिएको छ । ती स्थानमा तीन तहको ह्यूमपाइप हालेर जुनसुकै बाढी थेग्नसक्ने बलियो डाइभर्सन बनाइने उनको भनाइ छ ।

एसियाली विकास बैंकको सहयोगमा १० अर्ब रुपैयाँको लगानीमा एसियन हाइवेको पूर्वीखण्डको स्तरोन्नतिको कार्य भइरहेको छ । निर्माणसम्बन्धी ठेक्का लिएको एभ्रास्कन कालिका जेभीले लिएको छ । नेपाल रेडक्रस सोसाइटी झापाका अध्यक्ष लोकराज ढकालले राजमार्ग स्तरोन्नतिमा ढिलासुस्ती भएका कारण यसपालिको वर्खामा राजमार्ग क्षेत्रमै बाढीजन्य विपद् निम्तिने एक साता अघि नै चेतावनी दिए ।

काँकडभिट्टा–लौकही सडक योजना कार्यालय (पूर्वी खण्ड) दमकका आयोजना प्रमुख पन्तले वर्षात्को अवधिमा राजमार्ग क्षेत्रमा कुनै समस्या आएमा ¥यापिड रेस्पोन्स टोलीमार्फत तत्काल समस्याको निरुपण गर्ने तयारी रहेको बताए ।रासस

# किसानलाई सहुलियतमा धानको बीउ



**पाल्पा ।**
सहुलियतमा धानको बीउ पाएपछि पाल्पा रामपुर नगरपालिकाका किसानलाई राहत मिलेको छ ।

कृषि शाखा प्रमुख नारायणप्रसाद गैरेले सावित्री १४ हजार दुई सय ९८ किलोग्राम, साँवामन्सुली छ हजार चार सय किलो र रामधानको एक हजार तीन सय किलो बीउ ५० प्रतिशत अनुदानमा वितरण गरिएको जानकारी दिए । नगरपालिकाले अग्रिम सूचना जारी गरी किसानको मागका आधारमा सात सय १५ किसानलाई २१ हजार नौ सय ९८ किलो बीउ उपलब्ध गराइएको गैरेले बताए ।

नगरप्रमुख रमणबहादुर थापाले कृषि उत्पादन बढाउन धान, मकै र गहुँलगायत बालीमा अनुदानका कार्यक्रम अगाडि बढाइएको जानकारी दिए । रामपुर उर्बरभूमि रहेकाले नगरपालिकाले कृषि उत्पादन वृद्धि गरेर आत्मनिर्भर बनाउन उत्पादनमूलक कार्यक्रम, विभिन्न उपकरण वितरण, तालिम, गोष्ठी जस्ता कार्यक्रम सञ्चालन गरिरहेको उनले
बताए ।

यसरी अनुदानमा बीउ पाएपछि बजारबाट महँगो मूल्यमा धानको बीउ खरिद गर्नुपर्ने बाध्यता टरेको रामपुर–६ का विजयपुरका ओमप्रकाश रेग्मीले बताए ।नगरपालिकाले ५० प्रतिशत अनुदानमा सावित्रीप्रति किलो ३४ रुपैयाँ, रामधानर साँवामन्सुलीप्रति किलो ३७ रुपैयाँ का दरले उपलब्ध गराएको छ ।रासस

# महिलाद्वारा सञ्चालित उद्योगलाई प्रविधि हस्तान्तरण गर्न चार वटा उद्योग छनोट

**कैलाली ।**
सुदूरपश्चिम प्रदेशमा महिलाद्वारा सञ्चालित उद्योगलाई प्रविधि हस्तान्तरण गर्न चार वटा उद्योगलाई छनोट गरिएको छ ।

उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालयअन्तर्गत पर्ने उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशालयले सुदूरपश्चिम प्रदेशका नौ वटै जिल्लामा सो कार्यक्रम सञ्चालनका लागि प्रस्ताव आह्वान गरी चार वटा उद्योग छनोट गरेको हो ।

निर्देशनालयका अनुसार उद्योग दर्ता गरी उद्योग सञ्चालन गरिरहेका उद्योगी महिलालाई कार्यक्रमका लागि कार्यालयले प्रस्ताव आह्वान गरी प्रदेशका सबै जिल्लाबाट आवेदन सङ्कलनका काम गरेको थियो । निर्देशनालयका सूचना अधिकारी यशोदा बोहराले कञ्चनपुरको कृष्णपुर नगरपालिका–२ वाणीमा जुनकिरीदेवी चौधरीले सञ्चालन गरेको मुक्तकमैया खाद्य उद्योग, कैलालीको जानकी गाउँपालिका–६ स्थित अमृतादेवी ढोलीले सञ्चालन गरेको अलजिवी गारमेन्ट उद्योग, चुरे गाउँपालिका–६ स्थित पार्वती धामीले सञ्चालन गरेको सिद्ध भगवती पशुपंछी तथा कृषि फर्म र बैतडीको डिलासैनी गाउँपालिका–६ स्थित सुनिता कार्कीले सञ्चालन गरेको पञ्चकोटी कृषि फर्मलाई छनोट गरिएको बताए ।

प्रदेश सरकारले चालु आर्थिक वर्ष २०८१÷८२ का लागि उक्त कार्यक्रम सञ्चालनका लागि १५ लाख रुपैयाँ बजेट विनियोजन गरेको थियो । छनोटमा परेका उद्योगका लागि चाहिने आवश्यक सामग्री खरिदमा अनुदान दिइने सूचना अधिकारी बोहराको भनाइ छ । विगत तीन आर्थिक वर्षमा महिला उद्योगीले प्रविधि तथा अन्य अनुदान प्राप्त नगरेका उद्योगीलाई प्रविधि खरिदमा अनुदान दिइने भएको हो ।

१५ लाख रुपैयाँ लाई छनोट भएका उद्योगीलाई दामा साहीले रकम बाँडफाँट गर्नुपर्ने निर्देशनालयले जनाएको छ । उद्योगीले प्रविधि खरिदमा ३० र प्रदेश सरकारको ७० प्रतिशत लागत साझेदारीमा अनुदान दिइने कार्यविधिमा उल्लेख छ ।

अनुदानका लागि छनोट भएका उद्योगका सञ्चालकसँग सम्झौताको काम सम्पन्न भइसकेको निर्देशनालयका सूचना बोहराले जानकारी दिए ।

निर्देशनालयको कार्यविधिअनुसार उक्त कार्यक्रमका लागि अनुदान प्राप्त गर्न कार्यालयमा कम्तीमा तीन वटा प्रस्ताव पेस हुनुपर्दछ । कार्यक्रमका लागि बढी प्रस्ताव पेस भएमा निर्देशनालयले छनोट गरी प्रति उद्योगीलाई सो रकमबाट बाँडफाँट गरेर अनुदान दिइने कार्यालयको कार्यविधिमा उल्लेख गरिएको छ ।

घरेलु कार्यालयमा दर्ता भएर सञ्चालनमा रहेका सबै प्रकृतिका उद्योगलाई प्रविधि खरिदका लागि अनुदान स्वरुप रकम उपलब्ध गराउँदै आएको निर्देशनालयले जनाएको छ ।रासस

# महाकाली सिँचाइ तेस्रो चरण तीन वर्षभित्र सक्ने लक्ष्य



**कञ्चनपुर ।**
राष्ट्रिय गौरवको आयोजना महाकाली सिँचाइ तेस्रो चरणको काम तीन वर्षभित्र पूरा गरिने भएको छ ।

बिहीबार सङ्घीय संसद्को संयुक्त बैठकमा उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलद्वारा प्रस्तुत आर्थिक वर्ष २०८२÷८३ को बजेट प्रस्तुत गर्दै महाकाली सिँचाइ आयोजनाको तेस्रो चरणको कार्य तीन वर्षभित्र पूरा गरिने बताए ।

आर्थिक वर्ष २०६३÷६४ देखि सुरु भएको महाकाली सिँचाइ तेस्रो चरणको आयोजनाका लागि सुरुवातीदेखि नै प्रयाप्त बजेट नहुँदा निर्माण कार्यले गति लिन सकेनको थिएन । सरकारले आर्थिक वर्ष २०७६÷७७ मा राष्ट्रिय गौरवको आयोजनामा समावेश गरेपछि निमार्ण कार्यले गति लिएको थियो । बजेट अभावकै कारण आयोजनाको लागत बढ्दै गएपछि सरकारले आयेजनालाई प्राथमिकतामा राखरे आगामी तीन वर्षभित्र सक्ने लक्ष्य लिएको हो ।

महाकाली सिँचाइ तेस्रो चरण आयोजना प्रमुख योगेन्द्र मिश्रले आयोजनाको हालसम्मको प्रगति २६ प्रतिशत मात्रै रहेको जानकारी दिए । 'बजेट अभाव, मुआब्जा वितरण र वनको समस्याका कारण आयोजनाको कामले गति लिन सकेको थिएन', उनले भने, 'आव २०७६÷७७ मा राष्ट्रिय गौरवको आयोजनामा समावेश भएपछि सरकारको प्राथमिकतामा परेको हो ।' उनले २०८७ सम्म कैलालीको मालाखेतीसम्मको नहर निमार्ण गरिसक्ने लक्ष्य रहेको बताए ।

टनकपुरदेखि कैलालीको गोदावरीसम्म ४८ किलोमिटर मूल नहर निर्माण गर्नुपर्ने भए पनि २८ किलोमिटर मूल नहर निर्माण मात्रै सम्पन्न भएको छ । बाँकी २० किलोमिटर नहर निमार्णको काम भइरहेको छ ।

लक्ष्यअनुसार मूल नहरसहित १५१ किलोमिटर नहर निर्माण भएपछि कैलाली र कञ्चनपुरको ३३ हजार ५२० हेक्टर क्षेत्रफलमा सिँचाइ सुविधा पुग्नेछ । आयोजनाका अनुसार हालसम्म नौ अर्ब रुपैयाँ बजेट खर्च भइसकेको छ । चालु आवमा आयोजनाका लागि करिब दुई अर्ब रुपैयाँ बजेट विनियोजन भएको थियो । नेपालतर्फ पाँच हजार हेक्टरमा सिँचाइ गर्ने संरचना तयार भए पनि भारतीय पक्षले मूल नहरमा पानी नछाड्दा समस्या भएको आयोजनाले जनाएको छ । 'हामीले पटकपटक छलफल गरेका छौँ भारतीय पक्षले दिल्लीको आदेशविना पानी छाड्न सकिँदैन भनेको छ', आयोजना प्रमुख मिश्रले भने, 'भारतीय पक्षले टनरपुबाट पानी छाडे ब्रह्मदेव क्षेत्रका किसानलाई सिँचाइ सुविधा उपलब्ध हुन्छ ।' उनले आयोजनाबाट कञ्चनपुरको ९० प्रतिशत खेतीयोग्य जमिनममा सिँचाइ सुविधा पुग्ने बताए ।

कृषि ज्ञान केन्द्रका अनुसार कञ्चनपुरमा कूल खेतीयोग्य जमिन एक लाख ६१ हजार ७४१ हेक्टर रहेको छ । त्यसमध्ये ५९ हजार ६०२ हेक्टर अर्थात् ३६ प्रतिशत जमिनमा खेती हुने गरेको छ ।

यसको २९ प्रतिशत क्षेत्रफलमा मात्रै सिँचाइ सुविधा उपलब्ध हुने गरेको छ । कञ्चनपुरमा हाल महाकाली सिँचाइ आयोजना पहिलो र दोस्रो चरणबाट ११ हजार ६०० हेक्टर क्षेत्रफलमा सिचाँइ सुविधा उपलब्ध छ ।

विसं २०४२ मा सुरु भई २०४८ मा सम्पन्न भएको महाकाली सिँचाइ पहिलो चरणबाट चार हजार ८०० हेक्टर र २०५२ मा सम्पन्न भएको दोस्रो चरणबाट छ हजार ८०० हेक्टर क्षेत्रमा सिँचाइ सुविधा पुगेको छ। पहिलो र दोस्रो चरणको सिँचाइबाट यहाँको भीमदत्त र बेदकोट नगरपालिका तथा बेलडाँडी गाउँपालिकासम्म सिचाँइ सुविधा उपलब्ध छ ।रासस

# महिलालाई आत्मनिर्भर बनाउन एकमहिने हस्तकला सीप

**बाँके ।**
बाँकेको राप्तीसोनारी गाउँपालिकाले महिलालाई आत्मनिर्भर बनाउन हस्तकला सीप सिकाएको छ । स्थानीय स्रोतसाधनको प्रयोग गरी स्वरोजगार र महिलालाई आत्मनिर्भर बनाउने लक्ष्यका साथ गाउँपालिकाले प्राकृतिक रेशाजन्य वनस्पति थाकलको पात र मकैको पोस्करबाट हस्तकलाका विभिन्न सामग्री उत्पादनसम्बन्धी एकमहिने तालिम प्रदान गरेको हो ।

तालिम प्रशिक्षक राप्ती सोनारी–४ बैजापुरकी कल्पना थारुले थाकलको पात र मकैको पोस्करबाट हस्तकलाका विभिन्न सामग्री उत्पादन गरी महिलालाई स्वरोजगार बनाउने उद्देश्ले सीप सिकाइएको बताए ।

सीपले गाउँघरमा खेर गएका कच्चापदार्थबाट टोपी र झोला बनाउन सकिने भएपछि राम्रो आम्दानी हुने आशा जागेको स्थानीय उमा थारुको भनाइ छ। उत्पादन गरिएका सामान बिक्रीवितरण गर्न सकिए पारिश्रमिक राम्रो पाइने हुनेपछि आफूले सीप सिकिरहेको उनले बताए ।

गाउँपालिका अध्यक्ष तप्त पौडेलले हाल ६० महिलाले मकैको पोस्कर, खोस्टा तथा थाकलको पातबाट विभिन्न हस्तकलाका सामग्री बनाउने सीप सिकिरहेको बताए । सीप सिकेपछि महिलाले बनाउने सामग्री ओम राजश्री मल्टिएग्रो प्रालि काठमाडौँले बजारीकरण गर्नेगरी सम्झौता भएको उनले जानकारी दिए । पालिकाका नौवटै वडामा तयार भएका सामग्री सङ्कलन गरेर बजारीकरणमा गाउँपालिकाले सहयोग गर्ने अध्यक्ष पौडेलले प्रतिबद्धता व्यक्त गरे ।

गाउँपालिका उपाध्यक्ष मनिषासिंह थारुले लक्षित वर्गलाई प्राथमिकतामा राखेर सीपमूलक तालिम सञ्चालन गरिएको बताए । 'अन्तरराष्ट्रिय बजारसम्म निर्यात गर्ने उद्देश्यसहित गाउँपालिकाले मकैको पोस्कर र थाकलबाट बनाइने झोला र टोपी उत्पादनका लागि जनशक्ति उत्पादन गरिरहेको छ', उनले भने, 'यसले एकातिर आयआर्जनमा टेवा पु¥याउनेछ भने अर्कोतर्फ हाम्रा उत्पादनहरू विदेश निर्यात हुँदा गाउँपालिकाको पहिचान हुने विश्वास गरेका छौँ ।' तालिममा लक्षित वर्गअन्तर्गत कुमाल, वादी, खुना, मुक्तकमैया, मुक्त कम्लरी, द्वन्द्वपीडित, एकल महिलालगायतलाई प्राथमिकतामा राखेर तालिम दिने काम भइरहेको उपाध्यक्ष थारुले जानकारी दिए ।

गाउँपालिकाका नौवटै वडालाई लक्षित गरेर चार ठाउँमा तालिम भइरहेको छ । वडा नं १ को कुसुम, वडा नं २, ८ र ९ का लागि वडा नं ८ को वडा कार्यालयमा, वडा नं ३, ४ र ५ लाई लक्षित गरेर वडा नं ४ को कार्यालयमा र वडा नं ६ र ७ लाई लक्षित गरेर अपाङ्गता पुनस्र्थापना केन्द्र फत्तेपुरमा तालिम सञ्चालन भइरहेको छ ।रासस

# संघीय बजेटमा योजना छुट्दा मधेश प्रदेश सरकार अघि सरेर कमला नदीको पुल बनाउने

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
दशकौँदेखि अस्थायी काठे पुलमा आवतजावत गर्न बाध्य सिरहावासीका लागि अब स्थायी समाधानको आशा पलाएको छ । संघीय सरकारले आगामी आर्थिक वर्ष २०८२/८३ को बजेटमा कमला नदीमाथिको पक्की पुलको योजना समावेश नगरेपछि मधेश प्रदेश सरकारले स्वयं निर्माणको जिम्मा लिने घोषणा गरेको छ । मधेश प्रदेशका मुख्यमन्त्री सतिश कुमार सिंहले नयाँ कमला पुल निर्माण संघर्ष समितिका संयोजक प्रबिन मोरबैता र सिरहा नगरपालिका–६ का वडाध्यक्ष इन्द्रजीत यादवसँगको भेटका क्रममा उनीहरूले कमला नदीमाथि पक्की पुलको अत्यावश्यकताबारे प्रदेश सरकारको ध्यानाकर्षण गराएका थिए । संघीय सरकारले कमला नदीको पुल निर्माणलाई प्राथमिकतामा



नराखेको भन्दै मोरबैता र यादवले अब प्रदेश सरकारले अग्रसरता लिनुपर्ने बताएका थिए ।

जवाफमा मुख्यमन्त्री सिंहले संघीय बजेटको ‘रातो किताब’ गहिरो अध्ययनपछि प्रदेश सरकारले आवश्यक निर्णय गर्ने आश्वासन दिए । मुख्यमन्त्री सिंहले भने, ‘संघीय बजेटमा यो योजना परेको देखिँदैन भने हामी आफैँले प्रदेशबाट बजेट छुट्याएर निर्माणको जिम्मा लिन्छौं । तपाईंहरू ढुक्क हुनुस्, यो पुल बनाउने जिम्मा अब प्रदेश सरकारले लिन्छ ।’ कमला नदी सिरहा जिल्लाको मुटुमा पर्ने नदी हो । यसले सदियौंदेखि आसपासका बासिन्दालाई जीवन, कृषि र आवागमनका हिसाबले गहिरो प्रभाव पार्दै आएको छ । तर, नदीमाथि पक्की पुल नहुँदा प्रत्येक वर्ष वर्षायाममा सिंगो जनजीवन प्रभावित हुने गरेको छ ।

अस्थायी काठे पुल वर्षातमा बग्ने, जोखिमपूर्ण हुने र कतिपय अवस्थामा अवरुद्ध हुने समस्या स्थानीयहरूले भोग्दै आएका छन् । स्थानीय रामबाबु यादव भन्छन्, ‘हामीले त आधा जीवन कमलाको पुल माग्दै बितायौं । नेता आउँछन्, आश्वासन दिन्छन्, तर काम हुँदैन । अहिले प्रदेश सरकारले लिने भनेकोमा अलिकति आशा पलाएको छ ।’ कमला नदीको पुल विषयमा बारम्बार राजनीतिक दलहरूले चुनावी घोषणा गरेका छन् । तर, त्यो कार्यान्वयनमा भने झुटो सावित भएको छ । स्थानीय संघर्ष समिति संयोजक प्रबिन मोरबैता भन्छन्, ‘यो पुल अबको आवश्यकता मात्र नभई जनताको अधिकार हो । संघीय सरकारको नजरअन्दाजलाई हामी मौन सहेर बस्दैनौं । प्रदेश सरकारले जिम्मा लिएको छ भने हामी उसलाई पूर्ण सहयोग गर्नेछौं ।’ प्रदेश सरकारले गरेको यो घोषणा अब परीक्षणको चरणमा पुगेको छ । साँचिकै निर्माण प्रारम्भ गर्न सक्यो भने यो मधेश प्रदेश सरकारको एक ऐतिहासिक उपलब्धि हुनेछ । तर, यदि यो पनि केवल आश्वासनमै सीमित भयो भने जनताको विश्वास झन् कमजोर हुनेछ । यस सन्दर्भमा स्थानीय युवा कार्यकर्ता रीता चौधरी भन्छिन्, ‘प्रदेश सरकार गम्भीर छ भने तुरुन्त अध्ययन, डिजाइन र बजेट विनियोजनका काम अघि बढाओस् । हामी नागरिक समाजको तर्फबाट निगरानी गर्छौं ।’

# मापदण्ड विपरित सञ्चालनमा रहेका विद्यालयको संख्या एक दर्जनभन्दा बढि




**मनोज माझी**
**सप्तरी ।**
अदालतको आदेश समेतको अवज्ञा गर्दै अनुमति लिएको भन्दा माथिल्लो तहको कक्षा सञ्चालन गर्ने विद्यालयको संख्या एक दर्जन भन्दा बढी पुगेको छ । जिल्ला शिक्षा विकास तथा समन्वय ईकाइले केही दिन यता थालेको विद्यालय अनुगमनका क्रममा शुक्रबारसम्म अनुमति भन्दा माथिल्लो तहको कक्षा सञ्चालन गर्ने विद्यालयको संख्या १६ पुगेको हो । यतिमात्र नभई अनुमति लिँदा बखत विद्यालय सञ्चालकले उल्लेख गरेको ठेगाना भन्दा फरक ठाउँमा विद्यालय सञ्चालन गरेको समेत पाइएको अनुगमन टोलीका नेतृत्वकर्ता जिल्ला शिक्षा विकास समन्वय ईकाइ सप्तरीका प्रमुख शशी कुमार यादवले बताए । १८ पालिका रहेको सप्तरीमा विगत दुई साता यता थालिएको अनुगमन शुक्रवारसम्म राजविराज नगरपालिका, कञ्चनरुप नगरपालिका, हनुमाननगर कंकालिनी नगरपालिका र विष्णुपुर गाउँपालिका गरि ४ पालिकामा सकिएको छ । अझै १४ पालिकामा अनुगमन गर्न बाँकी नै रहेकाले मापदण्ड विपरित सञ्चालनमा रहेका विद्यालयको संख्या ठूलै देखिने अनुमान गरिएको उनको भनाई छ । उच्च अदालत जनकपुर–राजविराज इजलासले गत बैशाख १९ गते अनुमति विनाको थप कक्षा सञ्चालन नगर्न÷गराउन आदेश जारी गरेपछि त्यसलाई कार्यान्वय गराउन अनुगमन तिव्र बनाइएको उनले बताए । अनुगमनका क्रममा धेरैजसो निजी विद्यालयले अदालतको आदेशको पालना र शिक्षा ऐनले व्यवस्था गरेको मापदण्ड पुरा नगरेको पाइएकाले प्रहरी प्रशासन समेतको सहयोगमा कारवाही प्रक्रियामा जान लागेको उनको भनाई छ । प्रमुख जिल्ला अधिकारी भोला दाहालले अनुमति लिएको भन्दा माथिल्लो तहको कक्षा सञ्चालन गर्ने तथा मापदण्ड पुरा नगरि सञ्चालनमा रहेका विद्यालय माथि कानुन बमोजिम कारवाही गरिने बताएका छन् । ‘पछिल्लो समय यस विषयमा अदालतको पनि आदेश आएको छ,’ उनले भने, ‘आदेशको पालना नगर्ने त्यस्ता विद्यालयलाई कारवाही गर्न आवश्यक प्रक्रिया अगाडी बढाई सकेका छौं ।’ अनुगमन टोलीमा शिक्षा विकास समन्वय ईकाइका साथै जिल्ला प्रशासन कार्यालय र सम्बन्धित पालिकाको शिक्षा शाखा प्रमुख लगायतको सहभागिता रहेको छ ।

# हात्तीको आक्रमणबाट मृत्यु

**मधेशदृष्टि**
**सप्तरी ।**
जंगली बँदेलबाट मकै बाली जोगाउन खेतबारीमा फुसको टहरा बनाई बसेका एक बृद्ध किसानको हात्तीको आक्रमणबाट ज्यान गएको छ । हात्तीले चार वटा घर समेत भत्काइ दिएका छन् । शनिबार बिहान सप्तरीको कञ्चनरुप नगरपालिका–१२ का बृद्ध किसान ६६ वर्षीय दशरथ भन्ने केदार बहादुर विष्टको ज्यान गएको हो ।

स्थानीयका अनुसार केही दिन यता जंगल क्षेत्रबाट रातीको समयमा आउने बँदेलले त्यस क्षेत्रमा मकै लगायतका अन्य अन्न बाली खाइदिने गरेपछि घरबाट एक सय मिटर टाढा रहेको आफ्नो खेतबारीमा लगाइएको मकै बाली जोगाउन उनी रातीको समयमा उत्तै बस्ने गरेका थिए । त्यही बेला बिहान १२२ बजेतिर कोशीटप्पु बन्यजन्तु आरक्ष



क्षेत्रबाट आएको जंगली हात्तीको समूहले उनीमाथी आक्रमण गरेको प्रहरीको भनाई छ । हात्तीको दाह शरीरको विभिन्न भागमा गाडिएपछि उनको घटनास्थलमै मृत्यु भएको इलाका प्रहरी कार्यालय कञ्चनपुरका प्रहरी नायब उपरिक्षक माधव प्रसाद काफ्लेले जानकारी दिए । हात्तीको◌े आक्रमणबाट मृत्यु भएका विष्टको शव पोष्टमार्टमका लागि स्थानीय गजेन्द्र नारायण सिंह अस्पतालमा राखिएको छ ।

हात्तीले सोही पालिकाको वडा नं. ११ डेंग्री टोलमा चार वटा घर भत्काउनुका साथै किसानहरुको अन्नबाली समेत खाइदिएको प्रहरीको भनाई छ । जंगली हात्तीले सो वडाका दिपेश चौधरी, विजय चौधरी, सजनकुमार चौधरी, छेदीलाल चौधरीको घर र शौचालय भत्काएका हुन् । सो क्षेत्रमा यो पहिलो घटना भने होइन् । यसअघि पनि विभिन्न समयमा हात्तीको आक्रमणबाट हालसम्म डेढ दर्जन भन्दा बढी व्यक्तिको ज्यान गइसकेको छ । सप्तरीको पूर्वी उत्तरी क्षेत्र कञ्चनरुप नगरपालिका, हनुमाननगर कंकालिनी नगरपालिका र सप्तकोशी नगरपालिकाको दर्जनौं गाउँ, टोल दशकौंदेखी जंगली हात्तीको चपेटामा पर्दै आएका छन् । हात्ती आतंक सहन नसकेर नियन्त्रण र क्षतिपूर्ती माग गर्दै त्यस क्षेत्रका बासिन्दाले पटक पटक स्थानीय प्रशासन र कोशीटप्पु बन्यजन्तु आरक्ष प्रशासनलाई ज्ञापनपत्र बुझाउँदै आएका छन् । तर, पनि अहिलेसम्म कुनै ठोस पहल हुन नसकेको उनीहरुको गुनासो छ ।

जंगली हात्ती तथा अन्य जनावरले आक्रमण गरेर मान्छेको ज्यान लिनुका साथै गाउँ टोलमा पसेर घर भत्काउने र खेतमा लगाइएको कृषिजन्य बालीलाई समते क्षति पुर्याउने गरेको भन्दै स्थानीयले अविलम्ब यसको नियन्त्रणका लागि ठोस उपाय खोज्न सरकारसँग माग गरेका छन् ।

# मनसुन भित्रिएलगत्तै वर्षा र बाढी–पहिरोको जोखिम

**काठमाडौँ ।**
नेपालमा मनसुन भित्रिएलगत्तै वर्षा र बाढीपहिरोको जोखिम शुरू भएको छ । यही बिहीबार राति नेपालको पूर्वी क्षेत्रबाट मनसुन प्रवेश गरी कोशी प्रदेशमा फैलिएको थियो । त्यसको २४ घण्टा नबित्दै पूर्वी नेपालको विभिन्न क्षेत्रमा बाढीले क्षति पुर्याएको छ । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका प्रवक्ता रामबहादुर केसीका अनुसार शनिबार बिहान परेको अविरल वर्षाका कारण धरान–धनकुटा सडकखण्डको सागुरीगढी गाउँपालिका–६ स्थित फेदीको १०० मिटर सडक लेउती खोलाको बाढीले बगाएको छ । जसका कारण कोशी राजमार्गको धरान–धनकुटा सडकखण्ड अवरुद्ध भएको प्राधिकरणले जनाएको छ । जसले धनकुटा हुँदै जाने भोजपुर, सङ्खुवासभा, ताप्लेजुड, पाँचथरको यातायात ठप्प भएको छ । झापामा माईखोलाको बाढीले २२ घर डुबानमा परेको पनि केसीले बताए । उनका अनुसार अहिले पानी घट्दो क्रममा रहेको र मानवीय जोखिम रहेको छैन । स्थानीयहरुलाई सुरक्षित स्थानमा सारिएको छ । नेपाल प्रहरीका प्रवक्ता, प्रहरी वरिष्ठ उपरीक्षक रमेश थापाले पूर्वी नेपालको झापा तथा धरान धनकुटा सडक क्षेत्रमा बाढी पहिरोका घटना भएको र सो क्षेत्रमा उद्धार तथा नागरिकको सुरक्षाका लागि प्रहरी टोली परिचालन गरेर विपद् व्यवस्थापनको कार्य भइरहेको बताए । नेपालमा मनसुन भित्रिने सरदरभन्दा १५ दिनअगावै बिहीबार रातिदेखि मनसुन भित्रिएको थियो । जल तथा मौसम विज्ञान विभागका अनुसार हाल कोशी, मधेश, बागमती र गण्डकी प्रदेशका धेरै स्थानमा तथा लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशका एक–दुई स्थानमा मेघ गर्जन चट्याङसहितको हल्कादेखि मध्यम पानी परिरहेको छ । कोशी प्रदेशका केही स्थानमा धेरै भारीदेखि अति भारी वर्षा भएको पनि विभागले जानकारी दिएको छ ।

पानी पार्ने प्रणाली अहिले उत्तरतिर सरिरहेको र थप पानी पर्नसक्ने सम्भावना रहेकोले आवश्यक सतर्कता अपनाउन विभागले बुलेटिनमार्फत जानकारी गराएको छ । कोशी प्रदेशको झापा, इलाम, मोरङ र सुनसरी जिल्लामा भारी वर्षा मापन भएको र ती क्षेत्र भएर बहने कन्काई नदी, बिरिङ खोला, केसलिया खोलालगायतमा सतर्कता तहभन्दा माथिको बाढी मापन भएकाले नदी तटीय क्षेत्रमा उच्च सतर्कता अपनाउन बाढी पूर्वानुमान महाशाखाले पनि सबैमा अनुरोध गरेको छ । महाशाखाले इलाम, झापा, मोरङ, सुनसरी र धनकुटाको धेरै स्थानमा भारी वर्षा मापन भएको र थप बर्षा हुनसक्ने भएकाले मेची, विरिङ, निन्द्रा, कन्काई, चिसाङखोला, मावा–रतुवा, लोहन्द्रा, बक्राहा, नुनखोलालगायत अन्य साना खोलामा सतर्कता तह आसपासको बाढी आउन सक्ने भएकाले उच्च सतर्कता अपनाउन पनि अनुरोध गरेको छ । वर्षा गराउने बादल पूर्वी नेपालबाट उत्तरतर्फ सरिरहेको पनि मौसम विज्ञान विभागले जानकारी दिएको छ । आगामी तीन दिन कोशी, नारायणी, कर्णाली, महाकाली र यसका प्रमुख सहायक नदीहरू साथै कमला, बागमती, पूर्वीराप्ती, पश्चिम राप्ती र बबई नदीको जलसतह सतर्कता तह तलै रहने पुर्वानुमान भए पनि बढ्दो हुने देखिएको जनाइएको छ । त्यसैले नदी तटीय क्षेत्रका क्रियाकलापमा सतर्कता अपनाउन अनुरोध पनि गरिएको छ । रासस

# ‘राइमण्डल तथा पाटु क्षेत्र राष्ट्रिय सम्पदास्थलमा विकास हुनसक्ने’

**महोत्तरी ।**
महोत्तरीको बर्दिवास नगरपालिका–३ को राइमण्डल तथा पाटु क्षेत्र राष्ट्रकै मुख्य सम्पदास्थलका रुपमा विकास हुनसक्ने पुरातत्व तथा भूगर्भविद्ले निष्कर्ष निकालेका छन् । यस क्षेत्रमा मध्यपाषाण युगका हतियार र औजार बनिएका विषयको स्थलगत अध्ययन अन्वेषण गर्न आएको पुरातत्व विभागको विज्ञ टोलीले सो निष्कर्ष निकालेका हुन् । ‘हामीले यहाँ पाषाण युगकालीन महत्वपूर्ण सामग्री पाएका छौँ’, अन्वेषण टोलीका विज्ञ डा.मञ्जिल हजारीले भने, ‘प्राचीन मानव सभ्यताको खोजका लागि यो महत्वपूर्ण उपलब्धि हो ।’ अब नेपाल सरकारले पुरातत्व विभागलाई यो क्षेत्र संरक्षित गर्न तत्काल पहलकदमी बढाउन आवश्यक देखिएको उनको भनाइ छ । डा. हजारी र विभागका विज्ञ भाष्कर ज्ञवालीले गत शनिबार (जेठ १० गते) देखि गरेको अध्ययन अन्वेषणको निष्कर्ष शनिबार बर्दिवासका सरोकारवालाहरुबीच सार्वजनिक गरेका छन् । विज्ञ टोलीले यसपालिको अन्वेषणमा रातु नदी पश्चिम, भब्सी नदी पूर्व, बर्दिवास–३ को गौरीडाँडा र पूर्वमोडिएको भब्सी नदीको भागबाट उत्तर एवम् राइमण्डलडाँडादेखि दक्षिणको सात दशमलव पाँच वर्ग किलोमिटरको क्षेत्रभित्र अध्ययन अन्वेषण गरेको जानकारी दिएको छ । ‘मध्यपाषाण युगकालीन हतियार र औजार फेला परेको मुलुककै यो ठूलो क्षेत्र हो’, विज्ञ ज्ञवाली भन्छन्, ‘यसले मध्यपाषाण युगकालीन इतिहास र मानव सभ्यता बुझ्न, अध्ययन गर्न नयाँ अध्याय थपेको छ ।’ विज्ञ टोलीले यहाँ यसपाली १८ प्रकारका विभिन्न हतियार र औजार तथा सात प्रकारका ती यस्ता सामग्री बनाइन प्रयोग गरिएका औजारसहित २५ प्रकारका ढुङ्गे औजार फेला पारेको छ । प्राप्त सामग्रीमा त्यतिखेर प्रयोग भएका छुरा, खुकुरी, खुँडा, घुयत्रोसहितका ढुङ्गे हतियार र छिनो, गल, मुङ्ग्रोजस्ता औजार फेला परेका डा. हजारीले देखाए । यी औजार र हतियार कामका विविध क्षेत्रअनुसार प्रयोगमा आउने खालका रहेका उनको भनाइ छ । ‘ढुङ्गे युगपछि फलामे र अन्य धातुका औजार र हतियार बन्न थाले, तर यी नयाँ औजार र हतियार आकार, प्रकार र उपयोगिताको दृष्टिले ढुङ्गे औजार र हतियारकै निरन्तरता हुन्’, डा. हजारीले भने । अब सन् १९८० को दशकमा जर्मन अन्वेषक गुड्न कर्विन्सको अध्ययनलाई पच्छ्याउँदै अन्वेषण गरिँदै जाँदा क्रमशः नयाँ नयाँ तथ्य फेला पर्दै जाने डा. हजारीको विश्वास छ । आजभन्दा साढे चार दशक पहिले सन् १९८० को दशकमा जर्मन अन्वेषक तथा भूगर्भविद् गुडन कर्विन्सले गरेको अध्ययनले यस ठाउँबारे नयाँ अन्वेषणको ढोका खोलेको विज्ञ टोलीको भनाइ छ । ‘कर्विन्सले एक दशकभन्दा बढी समय लगाएर यहाँ गरेको अन्वेषणले पहिलो चासो बढेको हो’, भूगर्भविद् ज्ञवाली भन्छन्, ‘अहिले हामीले पच्छ्याएको उनकै अध्ययन प्रतिवेदन हो ।’ कर्विन्सले यहाँको अन्वेषणपछि प्रकाशित गरेको ‘प्रि हिष्टोरिक कल्चर्स इन नेपाल’ कृतिमा पाटु तथा राइमण्डल क्षेत्रमा मध्यपाषाण युगमा औजार र हतियार बनाउने कारखाना रहेको प्रकाश पारेका थिए । कर्विन्सको कृति प्रकाशन भए पनि यसबारे थप अध्ययन अन्वेषणमा चासो नबढेपछि करिब दुई वर्ष पहिले बर्दिवास उद्योग वाणिज्य सङ्घको अगुवाइमा १० सामाजिक संस्थाले चुरे क्षेत्रका पर्यटकीय सम्भावनाको खोज गर्न गरेका पदयात्राको प्रतिवेदन सङ्घीय, प्रदेश र स्थानीय सरकारलाई बुझाएपछि यसबारे थप अध्ययन अन्वेषणको कामले पहलकदमी लिएको हो । यस क्रममा यसपालि चालु आर्थिक वर्ष २०८१÷८२ मै केन्द्र र प्रदेश सरकारले रातु राइमण्डल पुरातात्विक अध्ययनका लागि बजेटमै सम्बोधन गरेपछि बर्दिवास नगरपालिकाको संस्कृति तथा पर्यटन प्रवद्र्धन समितिको तत्परतामा अहिले पुरातत्व विभागले अन्वेषण गरेको हो । विज्ञ टोलीले यस पटक गरिएका अध्ययन र अन्वेषणका नतिजा पुरातत्व विभागमा पुर्याइ राष्ट्रिय सङ्ग्रहालयमा राखिने जनाएको छ । यसअघि कर्विन्सले फेला पानुभएका केही औजार र हतियार पनि विभागले सङ्ग्रहालयमा प्रदर्शनीमा राखिसकेको छ । विज्ञटोलीको निष्कर्षपछि बर्दिवासवासीले यो क्षेत्रको अध्ययन अन्वेषणको कामलाई निरन्तरता दिन तीनै तहका सरकार र पुरातत्व विभागको थप पहलकदमी हुनपर्ने औँल्याएका छन् । ‘अब यो अन्वेषणको कामले निरन्तरता पाउनुपर्छ, अघिल्ला कामबारे थप योजना बनुन्’, बर्दिवास–३ पाटुकै बासिन्दा अगुवा सामाजिक कार्यकर्ता सुदर्शन घिमिरे भन्छन्, ‘यसले हाम्रो बृहत सम्भावना देखाइरहेको छ ।’ पुरातत्व विभागको टोलीले अन्वेषण निष्कर्ष सार्वजनिक गरेपछि अब यसअघिका काम प्रदेश तथा केन्द्र सरकार र पुरातत्व विभागसँगको आपसी समन्वयमा अघि बढ्ने नगरका प्रमुख प्रहलादकुमार क्षत्रीको प्रतिबद्धता छ । रासस

# चालीस वर्ष मुनिका ४० प्रतिशत महिलालाई सङ्गठित गर्न ओलीको आग्रह

**काठमाडौँ ।**
प्रधानमन्त्री एवम् नेपाल कम्युनिष्ट पार्टी (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले ४० वर्षभन्दा कम उमेरका कम्तीमा ४० प्रतिशत महिलालाई सङ्गठित गर्न अखिल नेपाल महिला सङ्घको नेतृत्वलाई आग्रह गरेका छन् । अनेमसङ्घ, केन्द्रीय कमिटीको पूर्ण बैठकमा शनिबार सम्बोधन गर्दै अध्यक्ष ओलीले ४० वर्ष मुनिका ४० प्रतिशत र ३० वर्ष मुनिका कम्तीमा ३० प्रतिशत महिलालाई सदस्य बनाएर देशव्यापी अभियानमा लाग्न आग्रह गरेका हुन् । उनले महिलावादका नाममा जुनसुकै विचारका महिलालाई पनि समर्थन जनाउने खालको सोच गलत भएकाले सङ्घलाई निष्ठावान्, क्षमतावान् र सक्रिय सङ्गठनका रुपमा स्थापित गर्नुपर्नेमा पजि जोड दिए । अध्यक्ष ओलीले पार्टीका विपक्षमा नभई पक्षमा सामाजिक सञ्जालमा प्रस्तुति दिन पनि आग्रह गर्दै नेपालले दुई कार्यकाल महिलालाई राष्ट्रपति र सबै तहमा कम्तीमा ३३ प्रतिशत महिला सहभागिता अनिवार्य गराएर कतिपय विकसित मुलु◌ुकभन्दा अग्रगामी रुपमा आफू◌ूलाई उभ्याएको स्पष्ट गरे । मिसन २०८४ को अभियानमा जुट्न महिला वर्गलाई आव्हान गर्दै अध्यक्ष ओलीले एमालेलाई एकल बहु◌ुमतको पार्टीका रुपमा स्थापित गरी मुलुकको विकास, सुशासन र समृद्धितर्फको यात्रालाई सशक्त बनाउनुपर्नेमा जोड दिए । रासस

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन